# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/२१

चौथो अधिवेसन

(११औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेसनको ११औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब म, मुख्यमन्त्री मा० त्रिलोचन भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम(१) बमोजिम प्रदेश सरकारको आ.ब.२०७६/०७७ को नीति तथा कार्यक्रमलाई टेबुल गर्न अनुमती दिन्छु ।

**माननीय मुख्यमन्त्री त्रिलोचन भट्ट :-** माननीय सभामुख महोदय, प्रदेश सरकारले आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम तयार पारि माननीय प्रदेश प्रमुखज्यूबाट यस सभामा यस सभाको दशौ बैठकमा प्रस्तुत भएको व्यहोरा गरिमामय सभामा जानकारी गराउन चाहान्छु । नीति तथा कार्यक्रम माथि सभामा छलफल हुनु पूर्व प्रस्तुत नीति तथा कार्यक्रमलाई टेबुल गर्नुपर्ने कानूनी प्रावधान बमोजिम माननीय सभामुख महोदयको अनुमतिले प्रदेश सभा नियमावली २०७४ को नीयम ३६ को उपनियम (१) बमोजिम प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम टेबल गर्दछु धन्यवाद ।

***(टेबुल भएपछि)***

३. **माननीय सदस्यहरू,**

"यस सभाको चौथो अधिवेशनको दशौं बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

४. **माननीय सदस्यहरु,**

अब म धन्यवाद प्रस्तावका प्रस्तावक माननीय अक्कल बहादुर रावल लाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय अक्कल बहादुर रावल :- सभामुख महोदय, यस सभाको चौथो अधिवेशनको १०औं बैठकमा माननीय प्रदेश सभा प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा माननीय प्रदेश प्रमुख श्री मोहन राज मल्लज्यूलाई धन्यवाद ज्ञापन गर्दछ भनी प्रदेश सभा नियमावली, २०७४ को नीयम ३६ को उपनियम (२) बमोजिम यो धन्यवादको प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

५. **माननीय सदस्यहरु,**

अब म माननीय अक्कल बहादुर रावलले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई समर्थन गर्न माननीय मालामति कुमारी राना लाई समय दिन्छु ।

माननीय मालममति कुमारी राना :- माननीय सभामुख महोदय, माननीय अक्कल बहादुर रावलज्यूले पेश गरेको धन्यवादको प्रस्तावलाई म समर्थन गर्दछु धन्यवाद ।

***(समर्थन गरेपछि)***

**६. माननीय सदस्यहरु,**

अब म माननीय अक्कल बहादुर रावलले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "यस सभाको चौथो अधिवेशनको दशौँ बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**("हुन्न" भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा हुन्न भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले "यस सभाको चौथो अधिवेशनको दशौँ बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

**७. माननीय सदस्यहरु,**

अब म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट लाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३८ बमोजिम प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**८. माननीय सदस्यहरु,**

अब म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट द्वारा प्रस्तुत गरिएको प्रदेश सरकारको आ.व.०७६।०७७ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

(“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आ.व.०७६।०७७ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**(“हुन्न” भन्ने आवाज सुनिए)**

“हुन्छ” भन्ने माननीय सदस्यहरु भन्दा हुन्न भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले प्रदेश सरकारको आ.व.०७६।०७७ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

**९. माननीय सदस्यहरु,**

अब प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय दिर्घ बहादुर सोडारी लाई समय दिन्छु (समय ७ मिनेट)

**माननीय दिर्घ बहादुर सोडारी :-** सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारले आफ्ना ३ वटा नीति तथा कार्यक्रम ३ ओटा बजेट तेस्रो बजेटको पूर्व बजेट छलफल हामीले छलफल गरिसकेका छौ । सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम अस्थि मात्रै माननीय प्रदेश प्रमुखज्यूले सविस्तार बाचन गर्नु भएको छ । भर्खरै हामीले माननीय प्रदेश प्रमुखलाई बधाई तथा धन्यवाद दिई सकेका छौ । सुदूरपश्चिम प्रदेश सरकारले आफ्नो यो नीति तथा कार्यक्रम ल्याई रहदा समृद्ध नेपाल र खुशी नेपालीको नारालाई अघि बढाउदै हाम्रो प्रदेशलाइ कसरी अगाडि बढाउने खासगरि नीति तथा कार्यक्रममा विगतका बजेट र विगतमा बसरकारले गरेका समिक्षा पनि आएको छ । र आगामी आर्थिक बर्षमा हामीले के के गर्न सक्छौ । केहि सपनाहरु, केहि योजनाहरु प्रदेश सरकारले ल्याएको छ । हामी शुभकामना दिन चाहान्छौ प्रदेश सरकारलाई कि योजनाहरु र सपनाहरुलाई हामी कसरी साकार गर्न सक्छौ । खासगरि ७ वटा मन्त्रालय, मन्त्रालय मातहतका झण्डै २३ सय कर्मचारीहरु अहिले १००० को संख्यामा मात्रै अवस्थित भएको छ । अब समग्र आफ्नो संरचनालाई लिएर कसरी सुदूरपश्चिमलाई समृद्ध र सुखि प्रदेश वासि बनाउने काममा हामी संलग्न हुनेछौ । यो कामका निम्ती हाम्रो नीति तथा कार्यक्रमले धेरै राम्ररी बोलेको छ । यो हाम्रो सुदूरपश्चिम प्रदेश सरकार र हाम्रो प्रदेश सभाले हाम्रो प्रदेशको राजधानी र नाम गत बर्ष नै टुङ्ग्याई सकेको छ । अब हामी नाम र राजधानी मात्रै होईन साच्चै सुदूरपश्चिमलाई कसरी आगामी आर्थिक बर्ष भित्र एउटा समुन्नत प्रदेश बनाउने सपना ल्याएको छ । केहि सैद्धान्तिक आधारहरु खडा गरेको छ । केहि नीतिगत कुराहरु ल्याएको छ । जो कारणले यहा हामी सफलताको चरम सिमामा पुग्नको निम्ती हामीलाई अगाडि बढाउने गोरेटो देखाएको छ । त सरकारले यो ल्याई रहदा सरकार अगाडि बढाई रहदा जसरी हामी संघीय सरकारको नीति तथा कार्यक्रम, संघीय सरकारको बजेट छलफल अगाडि बढीरहेको छ । नेपाल सरकार र संघीय सरकारले बजेट मार्फत जसरी सुदूरपश्चिमलाई हाम्रा सपनाहरुलाई साकाहार पार्ने, जसरी संघीय सरकारले हामीलाई प्रदेशहरुलाई दिएको बजेट हिजो मात्रै एउटा छलफल कार्यक्रममा हामी सामेल भएका थियौ । प्रदेश सरकारका मुख्यमन्त्रीज्यू सहित हामी सामेल भएका थियौ तपाईहरुलाई थाहा छ । प्राकृतिक स्रोत तथा वृत्त आयोग र नेपालको वृत्तलाई संघीयतालाई प्रदेशहरुलाई, स्थानीय तहलाई केन्द्रलाई कसरीबजेट विनियोजन गर्ने मुख्य मापन गर्ने आयोगले एउटा छलफल आयोजना गरेको थियो । हामीले त्यहा प्रश्न गरेका थियौ । र जिज्ञासा पनि राखेका थियौ कि नेपाल सरकारको शिक्षा मन्त्रालयको बजेट एक खर्ब ६३ अरब रहेछ । सभामुख महोदय हामी भन्न विवस छु । सात वटै प्रदेश सरकारको बजेट एक खर्ब पुगेको छैन ९९ अर्ब समथिङ पैसा मात्रै

पुग्छ । हाम्रो सुदूरपश्चिमको बजेट ससरत बाहेकको बजेट करिब १६ अरब अरु सबैलाई तानतुन गरेर अरु बजेटलाई जोडेर अर्थमन्त्रीजी भनिरहनु भएको छ । बाहिर बाहिर मिडियामा सुन्दै छु । तीस अर्बको बजेट आउछ । अब हाम्रो ३० अर्बले केन्द्र मन्त्रालयको एउटा बजेट भन्दा पनि सात वटै प्रदेशको बजेट कम हुने र हाम्रो ३० अर्बले हाम्रा अपेक्षाहरु, हाम्रा आकांक्षाहरु हामी कसरी पुरा गर्न सक्छौ । यो स्रोतहरुको परिचालन, स्रोतहरुलाई कसरी परिचालन गर्न सकिन्छ । हाम्रा नीम्ति ठुलो प्रश्न यहा देखिन्छ । खास गरि संघीयतालाई अगाडि बढाउने, संघीयतालाई अगाडि लैजाने क्रममा हामी तेस्रो नीति तथा कार्यक्रम बजेटको तयारीमा छौ । तर शुरु देखि भनिरहेका जे प्रश्नहरु हामीले भनिरहेका थियौ । खास गरि नेपालमा गणतन्त्रको स्थापनाको चरणमा, त्यसपछि संघीयतालाई स्थापीत गर्ने मामिलामा र आजको दिनमा पनि ती प्रश्नहरुका उत्तरहरु आज पनि प्रष्ट ढंगले आई नै रहेका छैनन् । हामी शुरुवादीको चरणमा त छौ । तर शुरुवातीको चरण भनेको पनि कति चरण हुन्छ । कति समनलाई हामी शुरुवातिको चरणको मापन गर्ने त्यस कारण हामी सबै एउटै डालोमा छौ । सत्तापक्ष, प्रतिपक्ष, सुदूरपश्चिमका ३० लाख जनसमुदाय हामी एकै पक्षमा छौ । हामी सँग भैरहेका आज अर्को पनि हामी सिलिङ हेर्दै छौ । कि स्थानीय तहको सिलिङ पनि हाम्रो बीचमा आईरहेको छ । सबै स्थानीय तहले कति कति बजेट परिचालन गर्ने कुरा पनि मिडियामा आईनै सकेको छ । यि सबै सिलिङहरुलाई हेर्दा यो सुदूरपश्चिमको प्रदेश सभामा बोलिरहदा करिब १५ खर्बको बजेट सुदूरपश्चिममा कति प्रतिशत आएको छ । मिडियाका साथिहरु हिसाब किताब गर्नुहुन्छ । अर्थतन्त्रका साथिहरु हिसाब किताब गर्नुहुन्छ । यसो प्रतिशतका आखाले हेर्नेहो भने पनि एउटा अचम्म लाग्दो सन्तुलित जस्तो देखि रहेको छैन । म मेरो सरकार संघीय सरकार पनि मेरो छ , प्रदेश सरकार हाम्रो छ, स्थानीय तहका सरकार पनि हाम्रै छ । के यो बजेटको वितरण समन्यायिक भएन भने सबै क्षेत्रलाई सन्तुलित भएन भने सुदूरपश्चिममा हामी जतिसुकै सपना देखिरहदा पनि हाम्रो चाहि आर्थिक बर्षको बजेट जो खर्च गर्न सक्ने १५-१६ अर्ब ले पश्चिम सेती कसरी बन्न सक्छ ? १५-१६ अर्बले माथिल्लो कर्णाली कसरी बन्न सक्छ ? तपाईहरुलाई हाईड्रोको बारेमा थाहा पाईरहनुभाको छ । अब भर्खर मात्र अघिल्लो चोटि पनि संघीय सरकारको नीति कार्यक्रममा परेको यो पटक पनि बजेटमा परेको खुटिया दिपायल फास्टट्राक खास गरि भूमिगत मार्ग बनाउने कुरा छ । डाईभर्सन गर्ने कुरा पनि अलि अलि सुन्दैछु । त्यो नदी डाईभर्सन गर्ने देखि फास्टट्राक बनाउने कति छ यस्सो सुन्न पाईयो सरकारको नीति कार्यक्रममा हामी छलफल गरिरहदा केन्द्र सरकारको बजेट आकै बेला हामी परिरहेको छ । एक अरब कुनै पनि आयोजनामा कर्णाली यता एक अरब बजेट कुनै पनि आयोजनामा परेको सुन्न पाईएको अवस्था देखिएन अरु तपाईहरु देखि रहनु भएको छ कि अरु धेरै आयोजनाहरु ८ अर्ब, १० अर्ब, २० अर्बका आयोजनाहरु, ३ अर्बका आयोजनाहरु एउटै आयोजना थप्नमा बजेट अगाडि बढीरहेको छ । सभामुख महोदय, म भन्न गइरहेको छु । के हाम्रो यो अवस्थाको कारणले हाम्रो प्रदेश, हाम्रो सरकारले खास गरि सुदूरपश्चिम प्रदेश सरकारले कसरी नेतृत्व गरेर कसरी समृद्ध अगाडि बढाउन सक्छ हामीले अपनाउने मितव्ययिता, हामीले बनाएको नीति तथा कार्यक्रमलाई दृढतापूर्वक लैजानका निम्ती, कार्यान्वयन गर्नका निम्ती हाम्रा कार्यान्वयन मेकानिजमलाई पनि अगाडि बढाउने, हाम्रा शक्तिहरुलाई परिचालन गर्ने, अरु स्रोतहरु परिचालनका निम्ती अगाडि बढाउने खासगरि लगानीबोर्डलाई बैठक बोलाएर अगाडि बढाउने जो सपना प्रदेश सरकारले देखेको छ । जो अरु धेरै उद्योग क्षेत्रमा आउने लगानीकर्ताहरुलाई नीजि क्षेत्रका मान्छेहरुलाई आकर्षण गर्ने कुरा गरिरहेको छ । खास गरि सन् २०२० पर्यटन बर्षको रुपमा मनाउने जुन कुरा गरिरहेको छ । खास गरि शिक्षा, स्वास्थ्य, भौतिकपूर्वाधारको सपनाहरु देखिरहेको छ । त्यसलाई दृढता पूर्वक आफ्ना मेकानिजम प्रयोग गरेर अगाडि बढ्न नै हाम्रो विकल्प छैन । फेरी पनि हामी संघ र स्थानीय तहसँग समन्वय गरेर हाम्रा योजनाहरुलाई हाम्रा नीति तथा कार्यक्रमलाई दृढतापूर्वक अपनाउने, अगाडि बढाउने ३० लाख भन्दा बढी धेरै सुदूरपश्चिम बासिहरुले देखेको सपनालाई साच्चै समृद्ध सुदूरपश्चिम बनाउने कुरामा हामी अगाडि बढौ हाम्रो नीति कार्यक्रम त्यतापट्टी गएको छ । केहि सीमाहरु छन्, केहि लिमिटेशनहरु देखिन्छन् त्यसलाई बजेटको बेला समन्वयी ढंगले अगाडि ल्याउने कुरा ल्याउछ भन्ने सरकारलाई विश्वास दिन चाहान्छौ धन्यवाद नमस्कार ।

**माननीय गोविन्दराज बोहरा :-** माननीय सभामुख महोदय, आज हामी नीति तथा कार्यक्रमको छलफलको पूर्व सन्ध्यामा छौ । यो अहिले नीति तथा कार्यक्रम जो आएको छ । यसै नीति तथा कार्यक्रमले भोलीको बजेटलाई निर्दिष्ट गर्ने हो । त्यो बजेटले एक बर्षको यो प्रदशको भाग्यरेखा कोर्ने हो र यो नीति तथा कार्यक्रमलाई सरसरति हेर्दाखेरि यो भन्दा अगाडिको नीति तथा कार्यक्रम एक बर्ष अगाडिको नीति तथा कार्यक्रम र अहिलेको नीति तथा कार्यक्रम हेर्दा खेरि यसमा तातृक अन्तर देखिएको छैन । बास्तवमै यो सुदूरपश्चिम प्रदेश हामी पहिला जतिबेला ७ नं. प्रदेश नाम नामाकरण गरेका थिएनौ त्यसबेला यसलाई १ नं. बनाउछु भनेर हामी १७ महिना सम्म कुरेका छौ तर यहा कस्तो भयो भनेपछि यो जलस्रोतको धनी प्रदेश, जडिबुटिको धनी प्रदेश, यो धनी प्रदेश आज विचारले नीति तथा कार्यक्रम आएको छ सरकारको उसबाट यसबाट गरिब बिचार आएको छ । यो गरिब बिचारले हामी ७ नं. बाट १ नं.मा पुग्न सक्दैनौ । सुदूरपश्चिमले सोच्नुपर्ने अवस्था आएको छ । जब जलस्रोतको कुरा एउटा महत्वपूर्ण कुरा छ । जरिबुटिको कुरा महत्वपूर्ण कुरा छ र जलस्रोत पश्चिम सेतीको कुरा हामी उठाई राखेका छौ । साच्चिकै यदि पहाडमा पहाडि जिल्लाहरुमा एउटा ठुला परियोजना ल्याउन सकिएन भने पहाडको बस्ती खस्किदैछ । एकातिर बस्ती खस्किदैछ, अर्कोतिर पहाडमा बेरोजगारीको समस्या ठुलो भयाभव रुपले आई राखेको छ । यसलाई कन्ट्रोल गर्नका लागि एउटा यो प्रदेशले कमसेकम पश्चिम सेतीको सम्बन्धमा सोचेर अगाडि बढ्नुपर्छ यो नीति तथा कार्यक्रममा पश्चिम सेतीको कुरा बलियो रुपले आउनु पर्दथ्यो त्यो मैले कहि पनि भेटाएन । त्यसैले अर्को महत्वपूर्ण कुरा के हो भने टुरिजममा हामी गैराखेका छौ । टुरिजमको नारा दिई राखेका छौ । तर यसमा टुरिजम सम्बन्धी व्यापक रुपले जुन फोकस गर्नुपर्ने हो त्यो पनि आएको छैन यो नीति तथा कार्यक्रममा र हामीले यो भन्दा अगाडिका जुन विचारहरु प्रकट भएका थिए हामीले सुनेका छौ यसै रोष्टममा जसरी युवाहरु आज विदेश प्लायन भैराखेका छन् । भारतमा गैरहेका छन् । भारतबाट एक बर्ष भित्र हामी चाहि भारतमा गैराखेका युवाहरुलाई नेपालमा फर्काउछौ । त्यसको अवसर दिन्छौ । त्यो अपरचुनिटि प्रदान गर्छौ भनेर यहा लेखिएको थियो । यो भन्दा अगाडिको नीति तथा कार्यक्रममा तर आज हामी विवस भएर भारतमा जाने युवाहरुलाई बिमाको व्यवस्था गरेर झन पठाउने परिस्थितिमा पुगेका छौ । हामी कति कमजोर भएका छौ । यसबाट प्रस्तुत हुदै जान्छ र यो १७ महिनामा साच्चिकै भन्ने हो भने हामीले यो प्रदेश सरकारले गरेका उपलब्धीहरु यहा खुलेको छ १५ किलोमिटर सडक पिच गरेको छ । कालोपत्रे गरेको छ । अब चारबर्षमा यसै हिसाबले जाने हो भने हामी कति पन्ध्रचौको साठि किलोमिटर पिच गर्ने हो यो प्रदेशको भविष्य अगाडि बढ्छ हामी यो अवस्थामा पुगेका छौ त्यसैले यो सोचन्सील अवस्था छ । अस्पतालको परिस्थिति त्यस्तै छ । यो प्रदेशमा बस सेवा संचालन गर्छु भनेर यो भन्दा अगाडि आएको छ । बजेटमा पनि त्यसको व्यवस्था गरिएको थियो । तर चाहि त्यसको कुनै सुनुवाई काहि कतै त्यसको कुरा अगाडि बढेन ल काहि त्यसको बिचारहरु प्रकट गरिएनन र यो ३६ नं. बुदामा स्रोतको वितरण, भौगोलिक विकटता, आवश्यकता, समावेशिता, सामुयिक एवं समानुपातिक ढंगले गरिनेछ भनेर भनिएको छ । अब यहा कस्तो छ भनेपछि कुनै ठाउमा बजेट व्यापक यो भन्दा अगाडि देखिएको छ । गएको छ । कुनै ठाउमा बजेट परेको छैन । अहिले यो आर्थिक बर्ष यो समाप्त हुदैछ । हामी लगभग एक महिना हामी सँग छ । अहिले पनि बजेट चाईने डडेल्धुराबाट एउटा टिपोट लिदाखेरि यो बन मन्त्रालय बन तथा पर्यटन मन्त्रालय हिजो मात्रै दुई करोड रुपैया, अस्थि मात्रै दुई करोड रुपैया त्यहा पठाएको छ । चार करोड त्यहा पहिल्यै पठाईएको छ । तर दुईकरोड फेरी पठाएको छ त्यो बैठकैमा खर्च गर्नको लागि ठिक छ वैतडिमा त्यसको खर्च गर्नुपर्छ । उपयुक्त त्यसको ईलाज हुनुपर्छ । उपयुक्त ठाउमा जानुपर्छ । त्यसमा केहि छैन बैतडिका जनताले त्यो पाउदा खेरि डडेल्धुरा खुशि हुन्छ । अरु ६ जिल्लाका जनता पनि खुशी नै हुन्छन् । तर कुरो के हो भने यो अन्तिम अवस्थामा दुई दुई करोड त्यसरी जादा खेरि यो सूचना पाएको आधारमा हेर्दा खेरि यो कुन तरिकाले खर्च भैराखेको छ । के मा भैराखेको छ भन्दा यो देखिएको छैन त्यसैले यो समावेशिता र देखिएको छैन बजेट कसरी गैराखेको छ भन्ने कुरा चाईने यो देखाउनु पर्यो । दोस्रो कुरा के हो भने पछि यो कन्सलटेन्ट राखेर योजना अध्ययन गर्ने भनेर चाईने दश करोड रुपैया त्यसै मन्त्रालयमा छुट्याईएको छ । पहाडि जिल्लामा भनेर त्यो दश करोडको दुईचार ठाउमा कस्ता महान

र क्वालिटीका कन्सलटेन्ट हुन मैले बुझ्न सकेको छैन । मैले यदि तिनिहरुको विषयमा केहि थाहा भए कुन कन्सलटेन्ट रहेछन् दश करोड रुपैया एकै चोटि दुईतिन ठाउमा घुम्दाखेरि सिद्याएर त्यसलाई चाहि यो प्रदेशको विकास गर्ने जुन परिस्थिति देखाउदै छन् त्यो कन्सलटेन्स थाहा पाईदिएको भए हुन्थ्यो मन्त्रालय सम्बन्धित मन्त्रालयबाट र यी परिस्थितिहरु भएका हुनाले सूचना प्रविधिको एउटा वैंक राख्ने जुन भनिएको छ । साच्चिकै सूचना प्रविधि चाहिन्छ तर सूचना प्रविधि वैंक राख्ने सूचनाबाट सबलाई वञ्छित गर्ने परिस्थिति भयो भने त्यसले त्यो सूचना बैंक राखेको केहि अर्थ रहदैन । त्यसैले सभामुख महोदय, यो नीति तथा कार्यक्रममा जतिकुराहरु हामीले देखेका छौ विगतका कुरा कोट्याईएका छन् र यो अब यो पाना भन्ने कुरामा चाईने यो प्रदेश सभामा विधेयकहरु जसरी पास भए, नियमावली पास भए यि नियमावली, विधेयक पास गर्ने कुरा त हाम्रो चाईने प्रदेश सभाको सरकारले पेश गर्ने प्रदेश सभाले त्यसलाई पास गर्ने कानून बनाउने ती आफ्ना परम्परा छदैछन् । त्यसमा हामी त्यो संविधानले दिएका कुरा हुन । त्यसलाई यसमा थुपारेर यसलाई चाहि अलि व्यापक प्रचार गर्ने प्रयास मात्रै गरिएको छ । त्यो भन्दा धेरै ठुलो कुरा मैले केहि देखेको छैन । सम्माननीय सभामुख महोदय, त्यसैले यो यसले बजेटलाई सहि बाटोमा लग्ने अवस्था मैले देखि राखेको छैन भन्दै आफ्नो शब्द यहि टुङ्ग्याउछु धन्यवाद ।

**माननीय महेश दत्त जोशी :-** माननीय सभामुख महोदय, बार्षिक नीति तथा कार्यक्रम २०७६।०७७ को सुदूरपश्चिम प्रदेश सरकारले प्रस्तुत गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारले पास गरेर माननीय प्रदेश प्रमुख मोहनराज मल्लजीले यहा प्रस्तुत गर्नु भएको छ र आज माननीय मुख्यमन्त्री त्रिलोचन भट्टजीले यहा टेबुल गर्नु भएको जुन प्रस्ताव छ । स्वभाविक ढंगले यो प्रस्ताव तेस्रो नीति तथा कार्यक्रम हो र यो नीति तथा कार्यक्रम आउदै गर्दा पहिलो नीति तथा कार्यक्रममा अनुभवको अभाव भन्ने कुरा अब खट्कीने छैन र यो त्यसरी खट्कीने हिसाबले आएको छैन । दोस्रो नीति तथा कार्यक्रम पनि केहि अधुरो र अपुरोध भन्ने कुरा महसुस भएको थियो । यो तेस्रो नीति र कार्यक्रम परिपक्क र सुदूरपश्चिम प्रदेशको २५ लाख जनतालाई सम्बोधन गर्ने, ९ वटा जिल्लाको विकास निर्माण र ८८ वटा पालिकालाई समृद्ध बनाउने परिकल्पना सहित परिपक्क हिसाबले यो नीति तथा कार्यक्रम आएको छ । सभामुख महोदय, यो नीति तथा कार्यक्रमलाई पछ्याउने बजेट यसै बर्ष आषाढ १ गते ०७६।०७७ का लागि बजेट पनि आएने छ । यो कोरो नीति तथा कार्यक्रम होईन यसलाई परिपूर्ति गर्ने हिसाबले बजेटको समेत तर्जुमा भएर आएको नीति तथा कार्यक्रम निश्चित रुपमा सफल हुन्छ । त्यसैले हामीले यसलाई अनुभवको आधारमा पनि परिपक्क भएको एउटा सिकाईको आधारमा पनि यसलाई सिक्दै गर्दा अगाडि बढेको नीति तथा कार्यक्रम कुनै भावनात्मक हिसाबले, कुनै परिकल्पनाको हिसाबले हावादारी छ भन्न मिल्दैन यो यथार्थ परिणत छ यो गर्न सकिने अवस्थाको नीति तथा कार्यक्रम छ र यो एउटा हामीले जग बसाइ सकेको दुईवटा बर्ष दुईवटा आर्थिक बर्षमा हामीले जग बसायौ त्यो जग जमिन भित्र हुन्छ । जग देखिदैन सभामुख महोदय, अब देखिने भनेको घर हो यसको दिवार हो, यसको छत हो अब निश्चित रुपमा सुदूरपश्चिम प्रदेशका जनताले मात्रै होईन नेपालले र अन्तराष्ट्रिय जगतले सुदूरपश्चिमले गरेको काम देख्न पाउनेछन् । त्यसमा यो गरिमामय सदन विश्वस्थ छ सभामुख महोदय, त्यसैले यो अब देखिने खालको कार्यक्रम आएकोले हामी आत्म विश्वासका साथ यो सरकारले ल्याएको कार्यक्रम गर्न सकिने हिसाबले आएको कार्यक्रमको हामी सम्पूर्ण प्रदेशवासिका प्रतिनिधिको हैसियतले हार्दिक स्वागत तथा समर्थन गर्दछु सभामुख महोदय, यसमा महत्वपूर्ण जनताको स्वास्थ्यलाई सम्बोधन गरेको छ । खासगरि हाम्रो पहिला देखि नै दुईवटा ठुला अंचल अस्पताल हामी भन्छौ । नामाकरण शुरु देखि सेती अञ्चल अस्पताल र माहाकाली अंचल अस्पताललाई बजेट दिईने अठोठका साथ यो नीति तथा कार्यक्रम आएको छ । ९ वटै जिल्लाबाट उपचार हुन नसकेका रिफर भएका हाम्रो विरामी जनसमुदायलाई सेती अञ्चल अस्पतालमा ठुलो बजेट विनियोजन गर्ने र

माहाकाली अंचल अस्पतालमा पनि डाक्टर सहितको, उपकरण सहितको व्यवस्था गर्ने अठोठका साथ यो नीति तथा कार्यक्रम आएको छ । स्वास्थ्यको क्षेत्रमा यो महत्वपूर्ण कुराहरु यो बोलेको छ र शिक्षाको क्षेत्रमा प्राविधिक विद्यालयहरु खोल्ने भन्ने अठोठका साथ यो नीति तथा कार्यक्रम आएको छ । यो एउटा स्वागतयोग्य छ । हामी नया युगमा प्रवेश गरिसकेका छौ । हामी पुरानै परम्परागत युग र पुरानै परम्परागत सैलीमा छैनौ सभामुख महोदय, त्यसैले हामीले शिक्षा नीति पनि नयाँ ढंगले जानुपर्छ त्यो कुरालाई सरकारले स्वीकार गरेर नै यो नीति तथा कार्यक्रम शिक्षा क्षेत्रमा लागु गर्न खोजेको छ । प्रादेशिक विद्यालयहरु, प्राविधिक विद्यालयहरु र यहाको स्वास्थ्य प्रतिष्ठान हामी जसलाई अहिले बोलीचालीको भाषामा मेडिकल कलेज भनिरहेका छौ त्यसलाई सुदूरपश्चिम स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा लैजाने सरकारको मनसाय रहेको छ । र नीतिगत रुपमा वास्तवमा त्यो हाम्रो यो क्षेत्रको एउटा स्वस्थ्य क्षेत्रमा महत्वपूर्ण एउटा प्रतिष्ठानको रुपमा हाम्रो स्वास्थ्य विज्ञान प्रतिष्ठान हुने छ । सभामुख महोदय, यसरी शिक्षा क्षेत्रमा पनि प्रगतिका साथ यो सरकार अगाडि बढ्न खोजेको छ । कृषि क्षेत्रमा महत्वपूर्ण उत्पादनहरुलाई सरकारले प्राथमिकताका साथ नीति तथा कार्यक्रम ल्याएको छ । हामीले फलफुल उद्योगहरुलाई भुमिको व्यवस्थापन गर्ने, भूमिको चाकलाबन्दी गरेर भूउपयोगको नीतिलाई संघीय सरकारको नीति अनुरुप कायम गर्ने भनेर यो सरकारले नीति तथा कार्यक्रम ल्याएको छ । वास्तवमा भूमिबाट उत्पादन गर्नुपर्छ । अब हामीले यहाको फलफुल र तरकारीलाई निर्यात गर्नुपर्छ । आयात जो बर्षौ देखि भैरहेको छ । त्यो आयातलाई रोक्नुपर्छ हाम्रो उपभोगलाई हामीले नै उत्पादन गर्नुपर्छ भन्ने हिसाबले यो सरकारले जुन कृषि क्षेत्रमा नीति तथा कार्यक्रम ल्याएको छ । यो उत्साहाजनक छ । यसमा लगानी गर्ने जुन नीति तथा कार्यक्रम यो हाम्रो कृषि क्षेत्रमा पनि आएको छ । सुरक्षा क्षेत्रमा पनि सरकारको चासो देखियो सभामुख महोदय, एउटा हामीले डक्सको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा राख्ने भनेको कुरालाई हामीले महत्वका साथ लिएका छौ । त्यसले सुदूरपश्चिम प्रदेशका जनताको सुरक्षाको कुरालाई सम्बोधन गर्न खोजेको छ । सभामुख महोदय, त्यो डेस्क भनेको हाम्रो सुदूरपश्चिमका जनताको सुरक्षाको स्थिति के छ । त्यसको सूचना संकलन गर्ने । महत्वपूर्ण निकायको रुपमा हुनेछ र आगामी दिनमा हामीले गृहमन्त्रालय अर्न्तगत प्रदेशको ऐन पारित गर्दा खेरि त्यो डेस्कले महत्वपूर्ण भुमिका खेल्नेछ सभामुख महोदय यसरी यो सुरक्षाको क्षेत्रमा पनि हाम्रो सरकारले महत्वपूर्ण नीति तथा कार्यक्रम ल्याएको छ । तै पनि पूर्ण अपुर्ण केहि पनि हुदैन भन्ने कुरा त बर्षौ देखि ऋषिमुनिहरुले भनेका छन् त्यसैले यसलाई सयमा सय ठिक छ भन्ने सवालमा त हामी पनि छैनौ । केहि सुझावहरु दिन चाहान्छौ । जस्तो यसमा यो २११ बुदे छ । २११ बुदामा सम्पूर्ण सुदूरपश्चिमका जनताका मनोभावहरु पुरै समेटिएर आएका छन् । तर तिनलाई सम्बोधन गर्ने व्यवहारमा  लागु गर्ने तरिका सरकार सफल हुनु पर्दछ तर सरकार सफल हुने कुरामा दृढताका साथ सरकारले अत्यन्तै मेहनत गर्नुपर्छ । कठिन परिश्रम गर्नुपर्छ । अवरात्र नसुतेर सुत्नुहुदैन अहोरात्र खटिइनुपर्छ तब मात्र यो नीति तथा कार्यक्रम लागु हुन्छ । नत्र नीति तथा कार्यक्रम कागजमा सिमित भयो भने धेरै ठुलो चिन्ताको विषय हुन्छ । यो युग परिवर्तन, यो संविधान लागु गर्ने अवस्था जनतालाई नया व्यवस्थाको स्वाद दिने कुरामा यो सरकारले अत्यन्तै मेहनतका साथ लागु गर्नुपर्ने बर्ष पनि यो भएको हुनाले अलिकता चिन्ता पनि छ सभामुख महोदय, त्यसैले यो अन्तराष्ट्रिय जगतमा हामीले सम्बन्ध स्थापीत गर्नुपर्छ । त्यसका लागि सुदूरपश्चिम प्रदेश सरकारले छिमेकि राष्ट्र भारत, छिमेकि राष्ट्र चिन, पाकिस्तान, जापान, युरोप र अमेरिकातिर पनि भगेनि संगठनहरु विस्तार गरोस भन्ने मेरो सुझाव छ सभामुख महोदय, हाम्रो प्रदेशको भगेनी संगठन हामीले बनाउन सक्छौ । उत्तराञ्चललाई, तीब्बतलाई, सिन्चुवालाई हामीले भगेनी संगठनको प्रस्ताव दियो भने उनिहरुले पनि अनुभवको आदान प्रदान हुन्छ त्यो कुरा पनि नीति तथा कार्यक्रममा समावेश गर्न मैले सुझावको रुपमा राखे धेरै कुराहरु यहा व्यवहारिक कुराहरु आएका छन् । यो एउटा ठुलो एउटा उत्पादनको

प्रर्दशनीका स्थलहरु निर्माण गर्ने । यसले के हुन्छ भने आपूर्तिको व्यवस्थालाई सहज गर्नका लागि हामीले प्रर्दशनी मेलाहरु पनि स्थापना गर्नुपर्छ र स्थापना कति भयो त्यसको आकलन गर्नको लागि त्यो युनिट पनि गराउनु पर्छ । उत्पादन, वितरण र उपयोगको प्रणालीलाई ध्यानमा राखेर सरकार अगाडि बढ्नुपर्छ भन्ने सुझाव पनि हाम्रो रहेको छ र यो माहाकाली नदीमा जुन अहिले थोरै समयमा त्यहा आवत जावत हुन्छ । अब नया मोटरेवल पुल बन्ने संघीय सरकारले ९० करोड जुन दिएको छ । त्यो त स्वागतयोग्य छ । पुल बन्ने छ । त्यसपछि सुख्खा बन्दरगाहा बन्ने छ । त्यो कुरा त ठिक छ तर तत्कालका लागि माहाकालीमा जुन आवत जावत गर्नका लागि अलिकता समस्या छ । व्यापारिक दृष्टिकोणले समस्या छ । त्यसलाई यो सरकारले तत्काल फुकुवा गर्नुपर्छ । चौविसै घण्टा आवत जावत गर्न सक्ने वा थोरै घण्टा चाहि पुललाई खोल्ने कुरामा सरकारको ध्यान जावस भन्ने कुराहरु पनि यहा आएका छन् । र दैजी औद्योगिक क्षेत्र भनेर सरकारले संघीय सरकारले घोषणा गरेको छ । त्यसमा प्रदेश सरकारले तत्काल सुरुवाद गर्नुपर्ने कुराहरु काम सुरुवाद गर्नुपर्छ र राजधानीको कुरामा सरकार संवेदनशिल हुनुपर्यो । अलिकता सरकारले भित्र भित्र त काम गर्याहोला तर त्यो बाहिर देखिएन सभामुख महोदय, राजधानी अब बनाउनुपर्यो दुईतिहाईको निर्णय लागु गर्नुपर्यो सरकारले अब के के हो बनाउनुपर्ने, डि.पि.आर., आई ईई आई के के हो गर्नुपर्ने त्यतातिर सरकारले महत्वपूर्ण समय दिवस, सरकारले त्यसलाई कार्यान्वयन गरोस दुईतिहाईको निर्णय भएर जनताले आशा गरेको छ । जनता खुशि छन् । जनताले स्वागत गरेको छ । यो केहि हाम्रो तहमा उपल्लो तहमा असन्तुष्टि छ । हामीले हेर्यौ तल जनता एकदमै सन्तुष्ट छन् । विकास निर्माण भएको छ । बाटाघाटा बनेका छन्, पुलपुलेसा बनेका छन्, विद्यालयहरु बनेका छन्, शिक्षण संस्थामा आशा जागेको छ । विभिन्न समुदायमा खुशियाली छाएको छ । तर केहि अझै पनि भएन भन्ने हाम्रो पुरानो बानि असन्तुष्टिहरु छ अझै पनि अलिकता माथिल्लो तहमा अगुवा साथिहरुमा मात्रै देखिएको छ । जनताले प्रतिक्षा गरेका छन् सभामुख महोदय त्यसैले यो नीति तथा कार्यक्रम समय सार्न्दभिक र स्वागतयोग्य छ धन्यवाद ।

**माननीय बलदेव रेग्मी :-** माननीय सभामुख महोदय, प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम माथि धैरै भनाईहरु यहा आएका पनि छन् र मेरो भनाई सुझाव यहा राख्न चाहान्छु । विशेष गरेर प्रदेश सरकारले मानवविकास सुचांक र भौतिक विकास पूर्वाधारका हिसाबले पछाडि परेका बाजुरा लगायतका केहि जिल्लालाई सम्बोधन गरेको छ । एकदमै स्वागतयोग्य कुरा छ । र बजेट तथा कार्यक्रम निर्धारणका लागि एउटा मापदण्ड बनाएको छ । प्रदेश परियोजना बैंकको निर्माण गर्ने खालको नीति तथा कार्यक्रममा आएको छ । जले गर्दा यो भन्दा अगाडि झ्यालबाट, ढोकाबाट हरेकबाट दिदाखेरि आफुबाट दिईहाल्ने तर भन्दा खेरि बाटाबाट भन्ने प्रविदिको अन्त हुनेछ । विशेष त शिक्षा तिरमा प्रदेश प्राविधिक विश्वविद्यालय, पोलिटेक्नीक, मुख्यमन्त्री प्रदेश स्वयमसेवक परिचालन, वैदेशिक रोजगारीबाट तालिम लिई फर्केकालाई सहुलियत ऋणको व्यवस्था, चिकित्सा क्षेत्रमा जुन छात्रवृत्तिको व्यवस्था, कृषि तथा बन विज्ञानमा स्तानोकोत्तरको पढाईको लागि विद्यालयको व्यवस्था शिक्षा क्षेत्रमा, त्यस्तै सेती अंचल अस्पताल र माहाकाली अंचल अस्पताललाई स्तरोन्नती गरेर यो प्रदेशको नमुना अस्पतालको रुपमा अगाडि बढाउने जमर्को गरेको छ किन भनेपछि यो हाम्रो पहिचान हो यहाका धैरै व्यक्तिहरुले उपचारका लागि काठमाण्डौ जानुपर्ने अवस्था छ । यहा विस्तार गर्ने बाताबरण बन्न सकेका छैन । त्यसका साथ साथै प्रत्येक जिल्लामा त्यहाबाट जिल्लालाई पनि दुर्गम जिल्लालाई पनि समेटेको छ । त्यसमा पनि अब दुर्गम जिल्लामा जिल्ला स्वास्थ्य कार्यालयको सतरोन्नतीको कुरा आएको छ । यो पनि एकदम स्वागतयोग्य कुरा छ । विशेष गरेर प्रदेश सरकारले प्रदेश योजना आयोग, प्रदेश लगानीबोर्ड, प्रदेश पर्यटन बोर्ड, परियोजना विकास बैंक, सुरक्षा नियन्त्रण कक्ष, प्रादेशिक प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुरक्षा प्रज्ञा प्रतिष्ठान जस्ता महत्वपूर्ण

प्रतिष्ठानहरु स्थापनाका लागि नीति तथा कार्यक्रममा समेटेको छ । त्यस्तै कृषिमा मुख्यमन्त्री कृषि कार्यक्रम अर्न्तगत नमुना कृषि गाउँ आफै बनाऔ भन्ने कार्यकम एकदम महत्वपूर्ण छ यसले गर्दा ग्रामिण बस्तीका र दुर्गम क्षेत्रका सम्पूर्ण समुदाय समेटिने छन् । कृषि शिक्षाबाट जो पढेका कृषि विषय पढेका विद्यार्थीको लागि व्यवसायिक कृषि संचालनका लागि अनुदानको व्यवस्था, ग्रामिण क्षेत्रको स्वरोजगारका लागि दिगो आय आर्जन गर्न नमुना पशुविकास केन्द्र, भेडा, बाखा, बंगुर स्रोत केन्द्र स्थापनाका लागि सरकारले नीति तथा कार्यक्रममा सम्बोधन गरेको छ । सभामुख महोदय, प्रदेशको सबै सरकारी कार्यालयहरुमा विद्युतीय हाजिरी, सार्वजनिक स्थलमा सि.सि.टि.भि.को जडान गरेर जो यसलाई कर्मचारी संयन्त्रलाई सरकारको एउटा गति दिनका लागि त्यसको अनुगमनका लागि महत्वपूर्ण नीति पनि यस कार्यक्रममा ल्याएको छ । मुख्यमन्त्री कृषि एकिकृत बस्ती विकास कार्यक्रम पनि यो जुन ९ वटै जिल्लालाई समेट्ने किसिमले यो पनि नीति तथा कार्यक्रममा महत्वपूर्ण कार्यक्रमको रुपमा आएको छ । अतिक्रमणमा परेको बन क्षेत्रलाई सार्वजनिक जमिनलाई फिर्ता गराउने संघीय सरकारको नीति अनुरुप प्रादेशिक कार्य पनि अगाडि बढाउने नीति तथा कार्यक्रममा समेटिएको छ । त्यस्तै एक स्थानीय तह एक औद्योगिक उत्पादन कार्यक्रमलाई पनि प्राथमिकताका साथ अगाडि बढाएको छ । सभामुख महोदय, प्रदेश लगानी प्रवर्द्धनका लागि प्रादेशिक लगानी सम्मेलनको आयोजना गरेर लगानी भित्राउनका लागि पनि प्रदेश सरकारले नीति तथा कार्यक्रममा समेटेको छ । यो प्रदेशमा संचालन रहेका विमानस्थललाइ डोमेस्टिक देश भित्रका हाम्रो प्रदेश भित्रका विमानस्थललाई पनि संचालनको लागि नीति तथा कार्यक्रममा ल्याएको छ । यसले गर्दा पर्यटन प्रवधनमा पनि महत्वपूर्ण योगदान हुनेछ । त्यस्तै जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरि परियोजना बैंकको निर्माण गर्ने नीति पनि यसले नीति तथा कार्यक्रममा समेटिएको छ । ग्रामिण तथा दुर्गम क्षेत्रको वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरि सम्भाव्यता स्थानहरुमा आवश्यकता अनुसार सौर्य उर्जा तथा वैकल्पिक उर्जाको विकास गर्ने नीति पनि लिएको छ । पुराना ऐतिहासिक सांस्कृतिक धरोहर गाउँ र वस्तीहरुलाई पर्यटकिय आकर्षकको रुपमा विकास गर्ने नीतिमा समेटिएको छ । प्रदेशका ठुला नदीहरुलाई जलयातायातको सम्भाव्यता अध्ययन गरि प्रतिवेदन पेश गर्ने जुन जल यातायात संचालनका लागि योजना पनि नीति तथा कार्यक्रममा समेटिएको छ । प्रदेश प्रहरी प्रशासनको गठन तथा संचालनका लागि कानूनी व्यवस्था पनि नीति तथा कार्यक्रममा गरेको छ । सुरक्षा नियन्त्रण कक्ष, विपद् जोखिम दुर्घटनामा परेका नागरिकहरुलाइ जुन यो सेवा दिदै आएको छ त्यसलाई निरन्तरता दिने कार्यक्रम ल्याएको छ । विशेष गरि प्रदेश भित्रका जुन कर्मचारी संयन्त्रले हाम्रो आफ्नो प्रदेशको म्यानपावर कर्मचारी संयन्त्र नहुदा विकास निर्माण र यहाको सरकारले गति लिन नसकेको अवस्थामा प्रदेश मन्त्रालय र अर्न्तगतका निकायको कार्य जिम्मेवारी, दरबन्दी एवंम संगठन संरचना पुनरावलोकन गर्न र व्यवस्थापन संरक्षण गरि पर्याप्त नतिजा कार्यान्वयन गर्ने नीति लिएको छ । यसरी यो नीति तथा कार्यक्रममा धेरै मेहनत गरेर छलफल सरकारले ल्याएको छ । यो हाम्रो प्रदेशको लागि एउटा महत्वपूर्ण दस्तावेजका रुपमा अगाडि बढेको छ । यसमा विशेष गरेर मलाई थोरै एउटा सानो कुरा राख्न चाहे यो सकिए जस्तो आलोचना गर्न सक्ने मत अहिले जनताले प्रतिपक्षलाई दिएकाछन् । न कि काहि जिदाई भएको छैन किन कि अरु ठाउ पनि ल एक ठाउ यस्तो भएकोछ भन्ने ठाउ छैन अनि ५ वटा ७ वटै प्रदेशमा पनि सरकार छैन, केन्द्रमा पनि छैन अब त्यो भएर मजाले सकेजति विरोध गर्न सक्ने मत नेपाली कांग्रेसलाई दिईएको छ । अरु पार्टिलाई दिईएको छ भनेपछि अब ने.क.पा. जो अहिले सरकारमा छ उसलाई सकेजति विरोध खेप्नुपर्ने बहुमत दिइएको छ । किन कि दुईतिहाई बहुमत छ जे पनि गर्न सकिन्छ । मैले एउटा सामान्य कुरा राख्न चाहे अब धनगढीबाट बाजुरामा प्लेन चढ्न पाउनुपर्छ भनेर धेरै माग भयो म एउटा कार्यक्रममा गए जम्मै यहाका बस्तीहरुले नेपालगन्जबाट चाहि प्लेन चल्ने धनगढीबाट नचल्ने त्यो व्यवस्था गर्नुपर्यो भने मैले ठिकै छ प्रर्यास गर्छु संघीय सरकार सँग

पनि हामीले अनुरोध गर्नुपर्छ भन्ने जस्ता कुरा राख्यौ होईन दुईतिहाईको बहुमत छ नि कि प्लेन बनाउनुपर्यो भन्ने जस्तो कुरा के दुईतिहाई बहुमतले प्लेन त बनाउन सक्दैन नि नीति बनाउन सक्छ, योजना ल्याउन सक्छ त्यसरी रातारात दुईतिहाईले सम्पूर्ण परिवर्तन गर्न सक्दैन अब त्यसलाई हिसाबकिताब राख्ने हो भनेपछि सत्ता संचालनको धेरै जिम्मा लिएको पनि त्यसको जिम्मा कोले लिने त अब त्यसैले जुन पछाडि पर्दा विरोध गर्न सारै आनन्द आउछ त्यसैले त्यो सुविधा नेपाली जनताले दिएका छन् यहाहरुलाई अब सकेसम्म नयाँ चरणमा हामी अगाडि बढेका कारणले संघीयता कार्यान्वयनको चरणमा रहेका अवस्था भएका कारणले पनि हामी सबै एउटै ठाउँमा छौ । एउटै डुङ्गामा छौ हामी सबै जनताप्रति जवाफदेहि छौ । लोकतन्त्र प्रति जवाफ देहि छौ त्यसैले यो अवस्थाको सफलताको लागि यो सरकारको सफलताको लागि यहाहरु सबैको समर्थन रहन आवश्यक छ भन्ने अनुरोध गर्दै मेरो भनाई यहि अन्त्य गर्न चाहान्छु । हवस त धन्यवाद नमस्कार ।

**माननीय डिल्ली राज पन्त :-** सभामुख महोदय, सुदूरपश्चिम प्रदेशले आफ्नो तेस्रो आर्थिक बर्षको लागि नीति तथा कार्यक्रम पेश गरेको छ । र सँगै सदनबाट धन्यवाद पनि प्राप्त गरिसकेको छ । यो नीति तथा  कार्यक्रमको आध्यौपन्त हेर्नु भन्दा पनि त्यसको बुदा केलाउनु भन्दा पनि प्रदेशले लिने नीति र प्रदेशले बनाउने कार्यक्रमका सम्बन्धमा छलफल गर्नु म उपयुक्त ठान्दछु । यो नीति तथा कार्यक्रम प्रदेश सरकारले जुदिएको छ । मलाई त्यसलाई अध्ययन गर्दा खेरि यो खुद्रा पसल खुद्रे पसल हुन्छ चुरोट पनि पाइने, विडि पनि पाइने, सलाई पनि पाईने, जुता पनि चप्पल, भाडाकुडा सबै पाईने तर त्यो होईन यो प्रदेश सबै सरकारको काम त्यो भाडाकुडा, जुत्ताचप्पल, विडिचुरोट मात्र बाड्ने होईन प्रदेश सरकारले एउटा झण्डै झण्डै यो एउटा कम्पनी टाईपको हुनुपर्ने जोले अरुलाई वितरण गरोस र अरुले त्यहाबाट कमाउनु जनताले केहि पाउन भन्ने खालको नीति कार्यक्रम ल्याउनुपर्नेमा यहा खुद्रे पसलको बजेट नीति कार्यक्रम ल्याए जस्तो म ठान्दछु । र त्यो बाहेक अझ त्यसमा एउटा कुरा धेरै राम्रा राम्रा छन् फेरी असाध्ययि राम्रा कुरा छन् । विगतमा पनि धेरै राम्रा कुरा थिए तर कार्यान्वयन पक्ष अहिले माननीयजीहरुकै हातबाट यि कुराहरु आए तर कार्यान्वयन पक्ष सहि भएन भनेपछि यि नीति कार्यक्रमको कुनै अर्थ रहदैन र जहा सम्म मलाई लाग्छ अबको बजेटमा अबको नीतिमा जो अहिले आएको छ । विगत भन्दा यो सरकार राम्रो गर्ने छ भन्ने म आशा पनि गर्दछु र विश्वास पनि गर्दछु । तर यो विश्वास मेरो होईन यो जनताको विश्वास हो यो सरकारले कायम गर्नेछ भन्ने म आशा पनि लिएको छु । र यसमा सबभन्दा ठुलो त्रुटि मैले के देख्या छु भने हामीले विगतमा पनि भनेका थियौ । यो सरकारले कार्यक्रम बनाउदा खेरि ३ चरणमा विभाजन गर्नुपर्ने । दिर्घकालीन, मध्यकालिन र अल्पकालिन त्यस्ता कार्यक्रमहरु कुनै पनि देखिएका छैनन । यि सबै जस्तो पहिला वितरणमुखि नीति आएको थियो । झण्डै झण्डै त्यहि नीति आएको छ । हरेक घरलाई पाच बोट फलफुलका दिने खै फलफुल कहा कहा लाग्याछन् हामीलाई थाहा छैन हामी नीति तथा कार्यक्रम पास गर्छौ । बजेट पास गर्छौ तर बजेट पास भैसकेको कुरालाई हामीले यहा यहा खर्च गर्यौ भनेर सदनमा किन पास हुदैन त्यसलाई सदनमा ल्याएर सदनबाट पनि पास गर्ने एउटा परम्परा थालियोस न अनि हामीलाई थहा हुन्छ, जनतालाई थाहा हुन्छ अहिले हामीले के कस्तो कार्यक्रम लिएका थियौ कि के के कतिमा खर्च गर्यौ अहिले माननीयजीबाट आएको थियो । यो ५२०० किलोमिटर ग्रावेल, १५ किलोमिटर कालोपत्रे, कति के कति के यो भन्दा बढी त धनगढी नगरपालिकाले गर्याछ । अलिकति पनि देखाउनु देखाउनु अलि बढी देखाईदिए हुन्थ्यो कि देखाउदै नदेखाएको भए हुन्थ्यो । यस्तो कुराहरु सरकारले गर्ने होइन १५ किलोमिटर कालोपत्रे गरे, ५२०० किलोमिटर ग्रावेल गरे यि प्रदेश सरकारले भन्ने कुरा होईन त्यहि भएर मैले भनेको यि खुद्रा पसल जस्तो देखिया छ । त अलि यसलाई सुधार गरौ दिर्घकालिन, अल्पकालिन, मध्यकालिन योजनाहरु ल्यायौ । त्यो बाहेक पनि हामीले यहा पोलिटेक्निकको कुरा

ल्याएका छौ । धेरै स्राहनिय छ । कृषि विश्वविद्यालयका कुराहरु पनि आउनुपर्ने, स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुराहरु आउनुपर्ने, सेती जलविद्युत परियोजनाको कुरा आउनुपर्ने, दिर्घकालिनमा हामीहरुको सेती लोकमार्ग छ, दिपायल फास्टट्राक छ, उताको यो माथि धेरै रोडहरु छन् जो हाम्रा गौरवका कुराहरु छन् । हामीले गौरवका कुरा कुनै पनि ईण्डिकेट गर्याछैनौ । न कृषि क्षेत्रमा, न शिक्षा क्षेत्रमा काहि पनि हामीले गौरवका कुराहरु लेख्या छैनौ । पर्यटनको क्षेत्रमा त झन अरुको त छोडौ धनगढीमा पनि एउटा साधारण जहा डेली जाहा छौ त्यहिको त छैन खप्तडको त कुरै छोड्नुस । रातदिन  खप्तड खप्तड जपेका हुन्छौ । यतिठुलो पर्यटन गरेका हुन्छौ गत बर्ष त पर्यटनमा यो खप्तडलाई चारैतिरबाट रिङरोड बनाउने भन्ने कुराहरु भया थियो त्यस्तो रिङरोड बनाएर यसलाई हाईलाईट गर्नुपर्ने ठाउलाई समेत पर्यटकिय क्षेत्र भनेर गौरवको क्षेत्र ठाउ भनेर हामीले ईन्डिकेट गर्न सकेनौ । हाम्रो सुदूरपश्चिममा कुनै पनि गौरव गर्ने लागक कुराहरु छैनन । किन छैनन सम्भाव्यता अध्ययनका लागि यो सरकारले विगत दुई बर्ष देखि करोडौ रुप्पे खर्च गरिसक्यो अहिले सम्म सम्भाव्यता अध्ययन खर्च भएको छैन । हाम्रा गन्तव्य को को हुन, पर्यटकिय स्थलहरु के के हुन । हामीलाई अहिले सम्म थाहा थिएन, हामीलाई केन्द्रले भनिदिने अनि हामीले ईण्डिकेट गरेर देखाउने त्यस कारण यि कुराहरु यहा छुटेका छन् । औद्योगिक क्षेत्रका बारेमा पनि औद्योगिक क्षेत्र राख्ने, औद्योगिक लगानी सम्मेलन गर्ने पनि भनेर लेख्या छ । यो नीतिमा तर औद्योगिक नीति हुनुपर्यो त्यो नीति अर्न्तगत पो सम्मेलन हुन्छ । तपाईको नीति तपाई सम्मेलनमा, सरकारको सामुन्यमा राखे पछि तपाईले के नीति देखाउनु हुन्छ ? कुन नीति अर्न्तगत तपाई सम्मेलन गर्दै हुनुहुन्छ । तपाईहरु ट्याक्स मिनाहा गर्दै हुनुहुन्छ की, तपाई जग्गा उपलब्ध गराई दिनु हुन्छ कि कुनै चिजमा सवसिटि दिदै हुनुहुन्छ कि तपाईको नीति के हो ? कस्ता खालका उद्योगलाई तपाई प्रोत्साह दिनुहुन्छ । त्यो नीतिमा छैन । तपाईले खाली औद्योगिक क्षेत्र घोषणा गर्ने, औद्योगिक ग्राम गर्ने त नीति छैन शिक्षामा कुनै नीति छैन शिक्षामा दुई बर्ष भित्र विगतको उसमा यो सरकारको नीति कार्यक्रममा दुई बर्ष भित्र यो सुदूरपश्चिमलाई पूर्ण साक्षर बनाउने टार्गेट लिएको थियो । अब यो सरकारले  जवाफ दिनुपर्यो कि गत एक बर्षमा हामीले टार्गेट कति पुरा गर्यौ । जब हामीलाई त्यहि टार्गेट थाहा छैन । विगतमा कति टार्गेटलाई पुरा गर्यौ र कति बाँकी छ अझ फेरी त्यो रिपिट भैराछ । धेरै जसो कुराहरु त यो नीति तथा कार्यक्रममा जस्ता त्यहा पहिले थिए त्यस्तै छन् र अनि यो नीति कार्यक्रम बनाउदा खेरि, बजेट बनाउदा खेरि अहिले माननीयज्यूहरुले पनि भन्याछन् । यो खाले सत्तापक्षको मात्र सुदूरपश्चिम होईन यो सरकार ने.क.पा.को मात्र होईन यो पुरा सुदूरपश्चिमको हो । यसले फेल हुनुको अर्थ सुदूरपश्चिम फेल हुने हो । प्रतिपक्ष पनि फेल हुने हो । जनता पनि फेल हुनेहो, यो सरकार पनि फेल हुनेहो । त यिनिहरु सँग पनि सल्लाहा लिनु पर्नेमा आज भन्दा दुईदिन तिन दिन अगाडि मात्रै प्रतिपक्ष सँग सल्लाहा लिईयो । यो सल्लाहा ६ महिना पहिला लिनुपर्ने । ६/६ महिना पहिले लिएको भए हामी पनि विज्ञहरुलाई बोलाएर सरकारले हामी सँग यो कुरा सोधेको छ तपाईहरु आफ्नो धारणा दिनुस भन्थ्यौ तर ईन टाईममा टुवेल आवरमा ईलावेन आवरमा गएर यि कुराहरु सोधिन्छ हामीले के भन्ने । यस्तै कुरा यो सरकारले विज्ञहरु सँग के के लिया छ । कुन टाईममा कुन विज्ञ सँग के को लागि सरसल्लाहा लिएको छ । विज्ञहरुसँग पनि सल्लाहा लिएको देखिदैन । हामी सँग पनि हतार हतारमा बोलाएर एउटा फर्मलिटिको रुपमा एउटा औपचारिकताका लागि बोलाएका जस्ता कुरा भएका छन् । तर पनि बोलाएर सोध्नु एउटा नया परम्परा भएको छ हामीले सबै मन्त्रालयलाई धन्यवाद पनि दिएका थियौ । यि कुराहरु छन् । तर एउटा अर्को सुशासनका कुराहरुमा सुशासनका कुराहरुमा हामी देख्छौ हामीले धेरै ठुलो फड्को मारेका छौ भनेर यो नीति कार्यक्रममा आएको छ । यो एक बर्ष भित्र भए भरिका बलत्कार भएका छन् निर्मला लगायतका हाम्रा यहिका माननीयको अपहरण भएको छ । हामीले के को शान्ति सुरक्षा गरेका छौ । हामीले केहि पनि गर्याछैनौ खाली लेख्नका लागि लेखिदियौ देखाउनका

निम्ती यतिलामो डाटा नीति कार्यक्रम ल्याएका छौ भनेर देखाईदियौ खुद्रे पसल एउटा खातमा राखेर सडकमा फैल्याई दियौ । यसलाई सरकारको नीति कार्यक्रम भनियो अब उप्रान्त यस्तो नहोस र सरकारको फेरी पनि अझ म सफल हुने छ भन्ने म कामना गर्न चाहान्छु धन्यवाद ।

**माननीय लिलाधर भट्ट :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । यस ऐतिहासिक घडीमा सर्वप्रथम प्रदेश सरकारले समयमै नीति तथा कार्यक्रम ल्याएकोमा सरकारलाई म धन्यवाद दिन चाहान्छु । सरकारको नीति तथा कार्यक्रमले आगामी बजेट कस्तो जाला भन्नेतिर संकेत गर्छ र भन्ने गरिन्छ प्रतिपक्षले जब धेरै आलोचना गर्न सुरु गर्छ त्यो बेला सरकार सहि ठाउमा गैराछ भन्ने पनि बुझिन्छ र प्रतिपक्षले एकदमै तारिफ गर्यो भने लोकतान्त्रिक सिस्टममा त्योबेला सरकार कमजोर भएर गैरहेको बुझ्नुपर्छ भन्ने कालामाक्सले पनि भनेका छन् र यो सरकारले अहिले नीति तथा कार्यक्रम ल्याउदा २११ बुदा ल्याएको छ । जस मध्ये ३५ वटा बुदामा समिक्षा गरिएको छ र आषाढ मसान्त सम्म गर्न सकिने र अहिले गरिने कामको समिक्षा गरिएको छ । परम्परा यो सरकारले मात्र होईन २०४६ साल पछि सरकारको समिक्षा गर्ने परम्परा बसेको रहेछ त्यो माथिबाटै लगाएको बानी हो यो ठिक हो कि बेठिक हो अब सबैले सम्झनुपर्नेहोला किन कि पुर्व संघमा पनि माननीय भएका माननीय पनि छन् । आगामी बर्षको नीति तथा कार्यक्रम भन्ने तर सरकारको आफ्नै कार्यक्रमलाई समिक्षा गर्ने यो नीति पहिला देखि नै हुदै आएकोले आगामी दिनमा यसको बारेमा पनि केहि छलफल होला यो यहाको मात्रै नया होईन जस्तो लाग्छ मलाई ३५ वटा बुदा मध्ये प्रदेश सरकारले २० वटा बुदामा नया कार्यक्रम ल्याउने खालको संकेत हामीले पाएका छौ र सरकारले वित्तिय साक्षरता घोषणा गर्ने कुरा प्रदेश सरकारको संचालित कार्यक्रमहरुको विमा गर्ने कुरा, सम्पतीको एकिकरण तथ्यांक गर्ने कुरा पुर्ण साक्षरता घोषणा गर्ने, सेती महाकाली अस्पतालहरुलाई प्रादेशिक अस्पताल बनाउने, आर्युवेदिक स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने, खेलाडि कल्याणकोषको स्थापना गर्ने, नमुना कृषि ग्राम योजना लागु गर्ने, एकघर एक तालिम प्राप्त व्यक्ति बनाउने, प्रांङ्गीक मलको सवसिटि प्रदान गर्ने, मुख्यमन्त्री एकिकृत औद्योगिक बस्तीहरु, एक जिल्ला एक नमुना बस्ती, विमानस्थलको संचालन, जलविद्युत आयोजनाको मर्मत, सौर्यबत्ती र राजधानीको पूर्वाधार लगायत एक जिल्ला एक नमुना शहर, ठुला नदीहरुको जलयातायातको सम्भाव्यता जस्ता यो झण्डै २० वटा कार्यक्रमहरु नया ल्याएको जस्तो मलाई लाग्छ । यसले पनि कल्याणकारी समाज अर्थव्यवस्थातिर यो सरकारले केहि काम गर्न खोजेको छ भन्ने कुरा यसले स्पष्ट हुन्छ र हामीले केहि कुरा महत्वकांक्षि पनि छन् । हो साचो कुरा भन्ने हो भने हामीले राखेका कार्यक्रमहरु केहि महत्वकांक्षी पनि छन् । जबसम्म महत्वकांक्षि भइदैन तबसम्म कार्यक्रम संचालन गर्न सकिदैन । त्यसको लागि दृढ ईच्छा शक्ति चाहिन्छ । र यो सरकारले त्यो दृढ ईच्छाशक्तिका साथ अगाडि बढ्ने छ भन्ने हामीलाई विश्वास पनि छ र तर कार्यक्रमका लागि कार्यक्रम बनाउने हो भने भोली सरकार फितलो हुन सक्छ जनतामा अलोकप्रिय हुन सक्छ । विगतका गरेका घोषणाहरु केहि कार्यान्वयन गर्न नसकिए पछि अहिलेका बर्षका कार्यक्रमहरु पनि कहि कागजमै सिमित हुने हुन कि भन्ने आशंका पनि पैदा हुनुलाई नकारात्मक रुपमा मान्नु हुदैन । त्यसले हामीलाई सकारात्मक दिशातिर नै प्रेरित गर्छ भन्ने लाग्छ र एकदमै बुदागत रुपमै धेरै कुराहरु अटाएका छन् । भन्दा भन्दै पनि व्यक्तिगत रुपमा संसदमा छलफल हुदा यसलाई अझै पनि राम्रो गर्न सकिन्थ्यो भन्ने तरिकाले एउटा संसदको हैसियतले मेरो आफ्नो सोचाईको हैसियतले मैले सरकारलाई केहि बुदागत रुपमा सुझाव दिन चाहान्छु । र यि बुदागत रुपमा विशेष रुपमा ध्यानागत हुनेछ सरकारको भन्ने मलाई लाग्दछ । सर्व प्रथम यस प्रदेशको हालको प्रतिव्यक्ति आय ६५० डलर रहेको छ । ६५० जो अमेरिकन डलर प्रतिव्यक्ति आय यो प्रदेशको रहेको छ । यसको निश्चित लक्ष्य एक बर्ष पछि हामी यति पुगाउछौ भन्ने लक्ष्य किटान गरिनुपर्दछ । त्यस्तै प्रदेश भित्र अनाथ बालबालिकाहरुका लागि, १८

बर्ष नपुगेका बालबालिकाहरुका लागि सरकारले केहि विशेष खानपानको व्यवस्था गरिनुपर्छ त्यो कार्यका लागि पनि बोलिनुपर्छ भन्ने मलाई लाग्छ । दुव्यसनी युवाहरुको लागि सुधारगृहको लागि पनि व्यवस्थापन गर्न पनि बोल्नु पर्दछ । यसैगरि प्रदेश भित्रका सम्पूर्ण सदरमुकामहरुमा एक एक ओटा छात्रवासको व्यवस्थापन अहिले माईग्रेशन धेरै ठुलो समस्या रहेको हुनाले अहिले दलित, जनजाति लगायत पछाडि परेको समुदायहरुलाई बस्नको लागि धेरै ठुलो समस्या पर्दा प्रत्येक जिल्ला सदरमुकामहरुलाई पनि छात्रवासको व्यवस्थापनको लागि पनि म सुझाव दिन चाहान्छु । यस्तै गरि प्रदेश भित्रका अहिले पहाडि जिल्लामा दैनिक रुपमा सडक दुर्घटनाहरु भयाभव रुपमा घटिराखेका छन् । प्रदेश सरकारको गत बर्ष सामाजिक विकास मन्त्रालयले हेलिफ लिफ्टीङ गर्ने कार्यक्रम संचालन गर्यो पछि आन्तरिक मामिला तथा कानून मन्त्रालयले पनि त्यसलाई अगाडि बढायो तर त्यसमा के देखिन्छ भने अहिले गर्भवति महिला र सर्प दंश लगायतका घटनामा परेका मान्छेलाई मात्र पर्दा अहिले पहाडि जिल्लामा दैनिक रुपमा बस लगायतका दुर्घटना परिरहदा तिनिहरुलाई लिफ्टीङ गर्नको लागि ठुलो समस्या परिरहेको छ र आगामी बर्षलाई त्यस्तो दुर्घटनामा परेका व्यक्तिहरुको लागि पनि एयर लिफ्टीङको व्यवस्था पनि सरकारको ध्यान जाओस भन्ने म चाहान्छु । र प्रत्येक जिल्ला अस्पतालहरुमा एम्बुलेन्सको व्यवस्था गरेको छ त्यसको लागि धन्यवाद दिदै आगामी दिनमा शव वाहनको पनि व्यवस्था गरियोस प्रत्येक जिल्लामा शव वाहन नहुदा आज गरिब मान्छेहरुको मृत्यु हुदा गाडिमा त्यो खर्च व्यहोर्न सक्ने अवस्था छैन र आज एक जनाको कुनै कुनै लाश बोक्दा खेरि विसौ हजार, तिसौ हजारको बोली लाग्ने हुदा प्रत्येक जिल्ला अस्पतालमा शव वाहनको व्यवस्था गर्न पनि म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । त्यस्तै गरि पहाडि जिल्लाहरुमा गर्भवति महिलाहरुका लागि निशुल्क प्रसुतीगृह र बर्थिङ सेन्टरमा जानको लागि व्यवस्था गरियोस । यो धेरै ठुलो संख्या होईन यो प्रतिबर्ष ५०००-७००० हजार व्यक्तिहरुलाई बर्थिङ सेन्टर सम्म पुऱ्याउन र जिल्ला अस्पताल सम्म पुऱ्याउनलाई कल्याणकारी राज्यको उत्तरदायित्व भित्र पनि पर्छ । हामीले त्यो निशुल्क एम्बुलेन्सको व्यवस्थापन गर्नको लागि  पनि म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यस्तै गरि मेरो सरकारको मेरो चाहाना अनुसार प्रत्येक वार्डहरुमा स्वास्थ्य स्वयमसेवक परिचालन गर्ने नीति लियोस जसले गर्दा गाउँ गाउँ टोल टोलमा हाम्रा स्वास्थ्यकर्मिहरुले हाम्रो स्वास्थ्यको अवस्था कस्तो छ भनि जानकारी गर्ने र निशुल्क औषधी परामर्श दिदा खेरि एउटा कल्याणकारी र समाजवादी सोचका साथ अगाडि बढ्न सकिन्छ भन्ने मेरो सुझाव रहेको छ । यसका साथै श्रमको सम्मान गरौ देशमै रोजगारी रोजौ भन्दै छाटो समयका तालिमहरु मिस्त्रि तालिम, पलम्बर तालिम लगायतका यो देशमा चाहिने अहिले देख्दैछौ हामी ४३ लाख युवाहरु विदेशिदै छन् तर हामी देख्दैछौ सुदूरपश्चिममा मात्रै पनि झण्डै झण्डै ३ लाख भन्दा बढी विदेशि नागरिकहरु यहा श्रम गरिरहेका छन् आज श्रम बजारमा मिस्त्रीको अभाव छ । श्रम बजारमा काम गर्ने ती काम गर्ने मान्छेको अभाव छ । कार्पेन्टरको अभाव छ । नाईको अभाव छ । आज भारतिय नागरिकहरु नेपालमा पुरै शहरहरु छापिरहेका छन् । तर नेपाली युवाहरु खाडीमा गैरहेका छन् त्यहि हिसाबले श्रमको सम्मान गरौ भन्नका साथ अगाडि बढाउन एउटा अभियान संचालन गर्नुपर्छ भन्ने मेरो धारणा रहेको छ । यसै गरि परम्परागत व्यवसाय संचालन गरेका तर स्कील टेस्ट नभएका अहिले सम्म ती परम्परागत रुपमा ती व्यवसायहरु गरेका छन् । भाडा निर्माण गर्ने देखि लिएर उद्योगहरु संचालन छन् तर तिनिहरुको स्कीलटेस्ट छैन तिनिहरुको स्कील टेस्ट गर्नको लागि पनि स्कील टेस्टको व्यवस्था गरियोस, सीप परिक्षणको व्यवस्था गरियोस र उनिहरुलाई प्रमाणिकरण गरिसकेपछि उनिहरुलाई उद्योगीको रुपमा संचालन गर्नलाई पनि सरकारले ध्यान दियोस भन्ने म सरकारलाई सुझाव दिन चाहान्छु । यसै गरि प्रदेश स्तरिय मुख्यमन्त्री कप खेलकुद आयोजनाहरु संचालन निरन्तरता दिईने छ भन्ने कुरा छ म त्यसलाई अगाडि जोड दिन चाहान्छु । यसैमा प्रदेश स्तरिय मुख्यमन्त्रीकप खेलकुद प्रतियोगिता संचालन भैसकेपछि भन्ने शब्द जोडेर जिल्ला जिल्ला स्तरमा

प्रदेशका निर्वाचनस्तरिय, जिल्लास्तरिय खेलकुद सम्पन्न भैसकेपछि त्यसबाट सेलेक्ट भएका व्यक्तिहरु प्रदेशस्तरिय खेलकुद प्रतियोगिताबाट सेलेक्ट भएको अन्तरप्रदेशमा जादा खेरि त्योले प्रदेशको नामलाई रोशन गर्न सक्छ । सिदै अन्तरप्रदेशमा जादाखेरि त्यो सेलेक्टेड को को बाट सेलेक्टेड हुन्छन र कसले सेलेक्सन गर्छ भन्नेमा अहिले ठुलो समस्या सृजना भएको छ । यसमा पनि विशेष रुपमा ध्यान जावस भन्न चाहान्छु । दलित, दोन्दपिडित, आदीवासी, जनजाति, सिमान्तकृत विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अहिले हामीले भनेका छौ सामाजिक विकास मन्त्रालयले अहिले विभिन्न उच्च शिक्षाका लागि छात्रवृत्ति दिएका छौ ठिक छ त्यसलाई एकदम सकारात्मक लिनुपर्छ तर त्यसका साथ साथै उच्च शिक्षाका अगाडि प्राविधिक शिक्षा अहिले एउटा दलित गरिब पछाडि परेको समुदायको व्यक्ति सामान्यतय एस.एल.सी. गरेको छ । एस.एल.सी. गर्ने वित्तिकै उच्च शिक्षा भन्दा पनि टेक्नीकल शिक्षा प्राविधिक शिक्षा जेटिय, डिप्लोमा, पि एस.एल.सी. र डिप्लोमा उसको छात्रवृत्तिको व्यवस्था गर्न पनि ध्यान जावस भन्न चाहान्छु । यो प्रदेशको अवस्थाको अनुसार खुला प्राविधिक पढ्ने विद्यार्थीहरुलाई पनि छात्रवृत्ति यो त्यस मध्ये त्यो एउटा गरिबका साथ साथै टाईलेन्टसीपको आधारमा पनि छात्रवृत्ति दिने विभिन्न छात्रवृत्ति दिनको लागि पनि सरकारको ध्यान जाओस कुनै पनि मनोरोगिहरुले यो प्रदेश भित्र कुनै पनि मनोरोगिहरुले मनोरोगि सडकमा हिड्न नपरोस, सडकमा अपहेलित गर्न नपरोस भन्ने तरिकाले मनोरोगिहरुलाई समाजले घिणा होईन राज्यको दायित्वको आधारमा त्यसलाई प्रत्येक जिल्लामा घुम्ती मनोरोगी स्वास्थ्य शिविर संचालन गरेर मनोरोगि मुक्त जिल्ला यो प्रदेशको रुपमा घोषणा गर्नको लागि पनि प्रदेश सरकारले  कार्यक्रम विनियोजित गरोस भन्ने म चाहान्छु । नीजि क्षेत्रको बनको विकास गर्नको लागि मेरो बन मेरो जग्गा भन्ने कार्यक्रम अर्न्तगत प्रत्येक व्यक्तिले आफ्नै जमिनमा पनि बन पैदावार लगाउनको लागि पनि प्रोत्साहन गर्ने खालको कार्यक्रम संचालन गर्न पनि माग गर्दछु । जडिबुटि उत्पादन, बजारीकरण तथा सहकारी कार्यक्रमहरु संचालन गर्न पनि म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यसका साथ साथै पहाडि बन जंगलहरुमा बन रिचार्ज गर्ने बन जंगलहरुमा बन रिचार्ज गर्न पनि म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यस्तै गरि प्रदेशमा लगानी गर्ने ठुला व्यापारिहरुको लागि प्रोत्साहन गर्नका लागि निश्चित समय विद्युत, जमिन निशुल्क लगायतका व्यवस्थापनका लागि पनि नीति तथा कार्यक्रममा जाओस । खनिज पदार्थको सहजताको एकिन गर्नका लागि खनिज स्रोत नक्शाहरुको पहिचान गर्नको लागि पनि प्रदेश सरकारको ध्यान जाओस । प्रदेश संचार नीति बनाउनु पर्छ र प्रदेश भित्रको संचारलाई व्यवस्थित गर्ने र पत्रकार अक्षयकोष खडा गरि अहिले राज्यको चौथो अंगमा लागेका पत्रकारमित्रहरुका लागि अक्षयकोषको व्यवस्था गरिनुपर्दछ र पत्रकारहरुको दुर्घटनाको लागि पनि सरकारले सहुलियत दिनु पर्छ र त्यसमा पनि त्यसलाई व्यवस्थापनतिर पनि ध्यान जानुपर्दछ भन्ने म भन्न चाहान्छु । प्रदेश खरिद ऐनको लागि पनि सरकारले नीतिगत रुपमा प्रदेश खरिद ऐनको लागि पनि काम अगाडि बढाउनुपर्छ । यस्तै गरि स्थानीय तहको सहभागितामा साना भौतिक पूर्वारका कामहरु संचालन गर्ने नीति जनसहभागितामा आधारित भौतिक पूर्वाधार विकासमा पनि ध्यान जाओस, उत्पादन बढाउनको लागि सहकारी सँग सहकार्यका निम्ती पनि अगाडि बढोस यस्तै गरि धार्मिक पर्यटकिय क्षेत्र र सुहाउदो व्यापार संचालनका लागि पनि प्रदेश सरकारले नीति बनाउन म ध्यान चाहान्छु । यस्तै गरि प्रदेश कार्य सम्पादनको आधारमा कर्मचारीको मुल्यांकन कार्य सम्पादनको आधारमा होईन कार्य क्षमताको आधारमा मुल्यांकन गर्ने विकास हो भन्न म चाहान्छु र एक बर्ष भित्र यो प्रदेशलाई खाद्यको रुपमा आत्म निर्भर बनाउनको लागि पूर्ण रुपमा आत्म निर्भर गर्ने र ठुला फर्म हाउस संचालन गर्ने औद्योगिकहरुलाई सवसिटिको व्यवस्थापन गरोस र हाम्रो आफ्नै खाद्य, आफ्नै कच्चापदार्थ उत्पादन गर्ने र कच्चा पदार्थ उत्पादन गरेर उद्योग संचालन गर्ने उद्योगिहरुलाई पनि सवसिटिको व्यवस्थापन गर्न यो सरकारले नीति तथा कार्यक्रममा राखोस भन्ने सुझावमा आफ्ना भनाई टुङ्ग्याउछु हवस त धन्यवाद ।

**माननीय कर्ण बहादुर मल्ल :-** सभामुख महोदय, मेरो देशमा नाकाबन्दी हुदै गरेको परराष्ट्र सचिव आज त्यो देशको विदेश मन्त्री भएको छ मेरो देशमा के होला भनेर त्यो मनोविज्ञानबाट बेश संचालन गर्ने राजनेताहरुको यो देश भित्रको एउटा प्रदेशमा तेस्रो सरकारले नीति तथा कार्यक्रम तेस्रोत पटक प्रस्तुत गर्दै गर्दाखेरि त्यो भित्र लेखिएको छ । अब पाठ्यक्रममा अब हाम्रो सुदूरपश्चिम प्रदेश भित्र हरेक बालबालिकालाई देशभक्तिको पाठ पढ्ने ढंगको पाठ्यक्रम ल्याईनेछ भनेर भनिएको छ सभामुख महोदय, स्वागत गर्न चाहान्छु यो अभिव्यक्तिलाई आत्मसात गरेकोमा यो सरकारले तर धेरै फरक छ सभामुख महोदय, यो पहिलो यो भन्दा अगाडि ०७५।०७६ को नीति तथा कार्यक्रम र यो सरकारले लिएको ०७६।०७७ को नीति तथा कार्यक्रममा धेरै फरक छ । पहिलो दुईकलरमा थियो यो तीन कलरमा आएको छ । सभामुख महोदय, पहिलेको उसमा १२ पाना मात्र थिए अहिलेकोमा २५ पाना छन् सभामुख महोदय, पहिलेको नीति तथा कार्यक्रम ५८ बुदे छ यो २११ बुदेछ सभामुख महोदय, र समिक्षा सहितको यो कार्यक्रम जुन ल्याएको छ सरकारले र सुदूरपश्चिमबासि हरेक नागरिकले यो सरकारबाट यो स रकार पवनपुत्र हनुमानको बुट्टी जस्तै सावित होस भन्ने अपेक्षा अहिले पनि गरेका छन् सभामुख महोदय, तर यो यति घुमाई फिराईकन, यति अल्छी मानिकन, यति उर्जा नरहेको यो उर्जाविहीन ढंगले जुन नीति तथा कार्यक्रम आएको छ हामी यसबाट निराश भएका छौ र सुदूरपश्चिमबासिलाई पनि यो नीति तथा कार्यक्रमलाई आधार मानेर आउने बजेटले निराश नगरावस भन्ने हामी चाहाना राख्दछौ सभामुख महोदय, र यो समिक्षाको उसमा धेरै कुराहरु यहा आएका छन् । म एउटा मात्र कुरा राख्न चाहान्छु सभामुख महोदय, जो ५६ को समिक्षा गरिएको छ । अझै पनि समय बाकि छ यो सरकारको ०७४।०७५ को बजेट कार्यान्वयनको समयावधि अझ पनि बाँकी रहेकाले तथापी सरकारले ल्याएको आफ्नै समिक्षाको उसमा १३ हजार ५०० परिवारलाई हाम्रो सुदूरपश्चिमको सरकारले फलफुलका बोटविरुवाहरु उपलब्ध गराईकन उनलाई आत्मनिर्भर बनाउने अथवा उनलाई गरिबीको रेखा भन्दा माथि उठाउने मैले बुझेको सभामुख महोदय, र उनलाई सम्पन्नता बनाउने यो जुन जमर्को गरेको छ म यो सरकारलाई चुनौतिका साथ के आग्रह गर्न चाहान्छु भने सभामुख महोदय, यो ०७५।०७६ को जुन बजेटबाट १३५०० जुन सुदूरपश्चिमका किसान जो फलफुलको खेति गर्छन जलाई यो सरकारले १३५०० बोटविरुवा वितरण गरेको छ अथवा यो प्रदेशको राज्यकोषलाई यि १३५०० नागरिक सँग जोडेको छ यो बजेट यो ०७५।०७६ को बजेट कार्यान्वयनको अन्त हुदै गर्दा खेरि सुदूरपश्चिको प्रदेश सरकारले १३५०० ती नागरिक भित्रबाट १३५० जनाको जिवनस्तर अगाडि बढेको प्रमाणित गर्नका लागि चुनौति दिन चाहान्छु । सभामुख महोदय, र अर्को यो नीति तथा कार्यक्रमलाई आधार बनाएर आउने बजेटलाई हामीले पहिले पनि उठायौ पुरानो केन्द्रको संसदको अभ्यास देखेर र हामीले सामुहिक रुपमा पनि उपठायौ, सदनमा पनि उठायौ, औपचारिक रुपमा पनि उठायौ, औपचारिक रुपमा प्रदेशका मुख्यमन्त्रीज्यूका अगाडि उठायौ यो क्षेत्रविकास कोषको रकमको बारेमा तर म सभामुख महोदय त्यो उठाउदै गर्दा खेरि अहिले जुन यो ३६ नं. यो सरकारको जुन नीति तथा कार्यक्रममा ३६ नं. मा आएको छ । यसलाई यो सरकारले कार्यान्वयन गरिदिने हो भने अब यो जुन संसद रकमको रुपमा वा हामी सांसदलाई दिईएको भौतिक पूर्वाधारको जुन रकम दिएको छ २ करोड त्यसको आवश्यकता पर्दैन सभामुख महोदय, भौगोलिकताको विकटताको आधारमा, आवश्यकताको आधारमा, समावेशिताको आधारमा, समन्यायीकको आधारमा र समानुपातिकका आधारमा यदि बजेट आवश्यकताको आधार यि आधारहरु मानेर बजेट यो सरकारले बनाउने हो भने अब क्षेत्रविकास कोषको रकम अथवा संसद रकम अथवा जुन क्षेत्रविकास पूर्वाधारको रकम हो जुन पैसा दिएको छ । त्यसको आवश्यकता पर्दैन सभामुख महोदय र हामी आशावादी छौ सरकारले यि आधार बनाएर नै कम्तिमा अब तेस्रो पटक बजेट ल्याउदै गर्दा खेरि सिंगो संसदलाई मर्यादित हुने गरिकन र यहाका जनताका आवश्यकतालाई परिपूर्ति हुने प्राथमिक राखेर यो सरकारले बजेट ल्यावस भन्ने शुभकामना

दिन चाहान्छु । सभामुख महोदय, १ व्यक्ति १ खाता खोल्ने असाध्य राम्रो नारा ल्याएको छ सभामुख महोदय यो पहिले पनि नीति तथा कार्यक्रममा छ सभामुख महोदय, तर हरेक खाता खोल्ने व्यक्तिलाई आग्रह गर्ने सरकार अभिभावक हुन्छ सभामुख महोदय, र अभिभावकले सरकारले आवह्वान गर्दै गर्दा खेरि जुन व्यक्तिको आम्दानी छैन मेरो आम्दानी कसरी गर्न सक्छु । मेरो आम्दानीको लागि सरकारले के सोचेको छ । खाता खोल्न मेरो ल्यागत छैन भनेर कुनै गरिबले प्रश्न गर्यो भने यो सरकारले जवाफ कसरी दिन्छ सभामुख महोदय, यहाका गरिब, मजदुर, बेरोजगार र मजदुरी गरेर खाने हरेक सुदूरपश्चिम वासिले यो प्रष्ट छ यो सरकारलाई सभामुख महोदय, यो कार्यक्रम राम्रो हो तर कार्यान्वयन गर्नको लागि पनि यो सरकार लागि रहनका लागि हामी आग्रह गर्दछु सभामुख महोदय, अर्को यो नीति तथा कार्यक्रमको ६१ बुदामा प्रदेशमा परियोजना बैंक निर्माण गरिनेछ भन्ने ल्याएको छ । यो भन्दा अगाडिको उसमा चाहि यो ०७५।०७६ को नीति तथा कार्यक्रममा योजना बैंक भनेर ल्याईएको छ । त्यस कारण योजना बैंकका रुपमा व्यवसायिक सहयोग केन्द्र स्थापना गरिने भन्ने छ सरकारका नीति तथा कार्यक्रम त्यहि सरकार छ त्यहि सिद्धान्तको त्यहि मुख्यमन्त्री हुन्छ, त्यहि अर्थमन्त्री हुनुहुन्छ तर यस्तरी परिमार्जित गरेर ल्याउदा खेरी यसरी भ्रमितको खेतिहरु कम्तीमा संसदलाई संसदमा ल्याउने कार्यक्रम यसरी भ्रमपूर्वक नल्याईदिन हामी आग्रह गर्दछौ सभामुख महोदय, त्यसैगरिकन यो नीति तथा कार्यक्रमको ७१ नं. बुदामा ३ बर्ष भित्र साक्षरता पूर्ण साक्षर प्रदेश बनाईने छ भनेर ल्याएको छ सभामुख महोदय तर यो भन्दा अगाडिको कार्यक्रममा दुई बर्ष भित्र भनेर ल्याईएको छ सभामुख महोदय, यो हामीले बुझ्न नसक्या कुरा हो । यसैगरिकन संघीय सरकारले प्रमाणिकरण र बर्गिकरण गरेको आधारमा मुक्तकमैया, मुक्तहलिया र यो कमलरीहरु, भूमिविहीन, सुकुम्बासिहरुलाई व्यवस्थित गरिनेछ भनेर जुन यसमा ल्याईएको छ ६८ नं. बुदामा यसमा छुटेका जुन पहाडमा छुटेका जुन मुक्त हलिया छन् तराईमा छुटेका जुन मुक्तकमैयाहरु छन् तिनलाई पनि सुचिकृत गर्नका लागि सरकार प्रतिवद्ध छ र यो बर्ष भित्र अहिले सम्म केन्दीय सरकारले संघीय सरकारले प्रमाणिकरण गरिसकेका पहाडका मुक्तहलियाहरु, तराईका कमलरी र मुक्त कमैयाहरुलाई पूर्ण रुपमा व्यवस्थित गरिनेछ र बाँकी रहेका छुटपुटहरुलाई बर्गिकरण गरिनेछ भन्ने सरकारको प्रतिवद्धता आउनुपर्छ भन्ने लाग्छ सभामुख महोदय, त्यसैगरिकन गत गएको नीति तथा कार्यक्रममा सरकारले यहि सरकारले के ल्याएको छ सुदुरपश्चिमको कुन पनि नागरिकले कुनै पनि अवस्थामा कुनै पनि अस्पतालमा सरकारी अस्पतालमा अथवा गैरसरकारी अस्पतालमा जादैगर्दाखेरि पैसाका अभावले उपचारबाट वञ्चित हुनेछैन भन्ने नीति तथा कार्यक्रममा ल्याएको हो सभामुख महोदय, तर यो छुटेको छ यो अहिले मलाई पूर्ण रुपमा अहिले व्यवस्थापनमा एउटा प्रणालीमा, एउटा पद्धतीमा गैसकेको हो अथवा सरकार यसमा चुकेको हो भन्ने कुरा गर्न चाहान्छु । सभामुख महोदय, र सेती अंचल अस्पताल र माहाकाली अंचल अस्पताल लगायत पहाडि जिल्लाका जिल्ला अस्पतालहरुलाई व्यवस्थित गर्ने ढंगको जुन आसय आएको छ । विगतमा पनि आएको छ । अहिले पनि आएको छ यो स्वागतयोग्य कुरा छ तर यो सरकारलाई एउटा मात्र प्रश्न गर्न चाहान्छु । भने पहाडका पहाड ७ जिल्लाका जिल्ला अस्पतालहरु तराईको महाकाली र सेती अंचल अस्पतालहरुमा मानवतामैत्री बनाउन र एउटा स्वच्छ सफा बाताबरण बनाउनका लागि मेरो विचारमा कति पैसा लाग्दो रहेछ त्यसमा ध्यान नगएको र यति मानवतामैत्री र सभा बाताबरणमा मात्र यी अस्पतालहरुलाई बनाउन सक्यौ भने हामीले सरकारले ठुलो यहाका रोगिप्रति, यहाका समाजप्रति सेवाप्रति ठुलो दायित्व बोध भएको ठहरिन्छ सभामुख महोदय, यिनले गरेका कुराहरु त ठुला कुराहरु हुन । भाषणमै सिमित हिजो पनि देखिए ०७४।०७५, ०७५।०७६ मा र कम्तीमा ०७६।०७७ को बजेट आउदै गर्दाखेरि यहाका सेवाग्राही रहेको नाताले हामी त्यो अपेक्षा गरेका छौ सभामुख महोदय, त्यसैगरिकन १०५ मा मुख्यमन्त्री एकिकृत कृषि कार्यक्रमका नाउमा आएको छ यो नमुना कृषि गाउँ आफै बनाऔ भनेर यो विगतमा पनि आएको छ । विगतको

०७५।०७६ मा मुख्यमन्त्री कृषि कार्यक्रम भनेर आएको छ । तर यो विचमा एउटा शब्द थपेर आएको छ सभामुख महोदय, यो हामी बुझ्ने यस्ता कुराहरु त्यसैगरिकन गतको नीति तथा कार्यक्रममा पनि आएको छ सभामुख महोदय, मुख्यमन्त्री एकिकृत बस्तीविकास कार्यक्रम यो असाध्ययी राम्रो कार्य हो जुन अहिले हाम्रो असाध्ययि माइग्रेन भैराखेको छ पहाडमा विभिन्न मानिसका आवश्यक आधारभुतका समस्याका कारणले जुन माइग्रेशनको जुन प्रत्रिया अगाडि बढी राखेको छ यो अति राम्रो मोडेल हो स्वागतयोग्य मोडेल हो तर के आग्रह गर्न चाहान्छु भने एक बर्षमा सुदूरपश्चिमले कुनै एउटा स्थानमा हामीले एकिकृत बस्ती बसाउने कार्यक्रम संचालन गर्न सकेनौ भने कम्तीमा यो नीति तथा कार्यक्रममा ९ वटै जिल्लामा नीति तथा कार्यक्रम लागु गरिनेछ भन्दा पनि ९ वटै जिल्लाको सुदूरपश्चिम प्रदेश भित्रको कुनै एउटा ठाउमा यो कार्यक्रम लागु गरिनेछ र गराउने प्रतिबद्धताका साथ सरकार आए त्यो प्रभावकारी रहनेछ सभामुख, महोदय त्यसैगरिकन यो कार्यक्रममा विगतको कार्यक्रममा गड्डाचौकी, अत्तरिया देखि चिसापानि सम्मको ६ लेनको चाहि सडकको डिपिआर बनाइनेछ भनेर आएको छ । म हामीलाई जानकारी छैन अथवा हामी भ्रममा छौ कि डिपिआर यो सरकारले बनाएर कार्यान्वयनको उसमा गएको हो अथवा नीति तथा कार्यक्रम नै यो सरकारको तर्फबाट नै यो सरकार चुकेको हो भन्ने भन्न चाहान्छु सभामुख महोदय, त्यसस्तै गरिकन यो क्षेत्रमा गत ०७५।०७६ को नीति तथा कार्यक्रममा एक क्षेत्रका गैर सरकार संस्थाहरुको नियमन, अवलोकन गरि कार्यक्षेमताको आधारमा प्रोत्साह गरिनेछ भनेर ल्याएको सभामुख महोदय, गत बर्षको नीति तथा कार्यक्रममा तर यो बर्ष नीति तथा कार्यक्रममा यो छुटेको छ यो सुदूरपश्चिम प्रदेश भित्रका गैरसरकारी संस्थाहरु पूर्ण ढंगले संचालन भैराखेका हुन अथवा यो सरकारको कार्यक्रम तथा नीति मा प्राथमितकतामा छुटेको हो सभामुख महोदय, त्यसै गरिकन गत बर्षको नीति तथा कार्यक्रमकोमा आएको छ यो समाजमा विभिन्न समाजमा विभिन्न क्षेत्रमा रहेको समसामयिक मिनेर हुने गरेको भ्रष्टचारलाई न्यूनिकरण र नियन्त्रण गर्दै कडा कारवाहीका साथ कानूनी दायरामा ल्याईने छ भनेर ल्याईएको छ सभामुख महोदय, तर यो बर्षको नीति तथा कार्यक्रममा ल्याएन सरकारले छुटेको छ त्यो कारण हामी मानविय रुपमा, आर्थिक रुपमा विभिन्न दृष्ट्रिकोणले असाध्यय पनि सिर निहुराउने सुदूरपश्चिम बासिको सरकारले आज यो मानिस सँग जोडिएका, राष्ट्र सँग जोडिएका, समाज सँग जोडिएका मानवता सँग जोडेका कार्यक्रमहरु यो नीति तथा छुट गएकोमा सरकारलाई सचेत बनाउने आफ्ना भनाई यहि अन्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय कुन्ती जोशी :-** माननीय सभामुख महोदय, हामी हाम्रो प्रदेश सुदूरपश्चिम प्रदेशलाई एउटा नयाँ ढंगबाट अगाडि बढाउनको निमित्त हामी तेस्रो बार्षिकि नीति तथा कार्यक्रमको छलफलमा उपस्थित भएका छौ । मलाई लाग्छ यो कार्यक्रम नीति तथा कार्यक्रम सरकारले सुझबुझका साथ सबै दल, पार्टि पंती देखि लिएर सबै क्षेत्र सम्म चाहि छलफल गरेर एउटा महत्वपूर्ण सुझावका साथ यो नीति तथा कार्यक्रम ल्याएको एउटा अनुभुति भएको छ । र केहि सुझावहरु दिदा विशेष गरि संघीय सरकारको प्रमाणिकरण र बर्गिकरण गरिएको आधारमा मुक्तकमैया, मुक्त हलिया भन्ने छ र गरिब किसानहरु पनि गरिबको परिचयपत्रको आधारमा गरिबलाई यहा छुटेको छ कि भन्ने सुझाव दिन चाहान्छु । विशेष गरि चाहि जुन भिमदत्त पन्तलाई पनि सुदूरपश्चिमकै खम्बा भएका कारणले सुदूरपश्चिमको खम्बा जहा यो किसान देखि लिएर चाहि समग्र सुदूरपश्चिमलाई अगाडि बढाउने सवालमा भिमदत्त पन्तको पनि महत्वपूर्ण योगदान रहेको हुदा भिमदत्त पन्तलाई पनि समेटेर किसानमैत्री कार्यक्रममा चाहि केहि कार्यक्रमहरु समेट्दा भिमदत्त पन्तको पनि नामाकरण गर्दा असाध्ययी राम्रो हुन्थ्यो भन्ने सुझाव दिन चाहान्छु । र जुन १०४ नं. परिवर्तित कृषि प्रणाली मौसम सुहाउदो खेतिका साथै उत्पादन अनुसारको बजार कार्यक्रम भन्ने छ यसमा साथ साथै ढुवानीको

साधनमा पनि सहजिकरण गर्नुपर्ने आवश्यकता रहेको हुदायसमा पनि मैले केहि सुभ्का दिन चाहान्छु । विशेषगरि धेरै सुभ्कबुभ्कका साथ धेरै नै छलफलका साथ अगाडि बढाईएको यस नीति तथा कार्यक्रमलाई स्वागतयोग्य छ मैले मेरो तर्फबाट भन्दा धेरै धेरै यसलाई समर्थन गर्दै कार्यान्वयन तर्फ अगाडि बढ्ने छ भन्ने सुभ्काव दिन चाहान्छु । र यसमा विशेष गरि महिलाको क्षेत्रमा साहेद बजेटमा पनि आउने हुने केहि विषयबस्तुहरुलाई नसमेटेको हुनसक्छ प्रत्येक जिल्लाहरुमा हामीले चाहि सेफहाउस पहिले पनि हामीले माग गरेका थियौ र मैले अहिले पनि भन्न चाहान्छु र एउटा सेफ हाउसको पनि अवधारणा केहि जिल्लाको लागि ल्याउदा राम्रो हुन्थ्यो भन्ने सुभ्काव दिन चाहान्छु र यो नीति तथा कार्यक्रम समग्रमा एकदम स्वागतयोग्य छ । यसलाई मुलत मैले प्रत्येक बोल्नेबेला मैले बोल्दाखेरि सधै भनिराख्दछु कि हाम्रो जटिलता भनेको र यो भन्दा अगाडिको जटिलता भनेको पनि कार्यान्वयन पक्ष नै जटिलताको एउटा हामीलाई अवष्टिकल खडा भैराखेको छ । यसलाई चाहि सुधार गर्नको निमित्त हामीले अलिकति अनुगमन र अलि अनुगमनमा चाहि विशेष ढंगले चाहि सरकारले खटाउने सवालमा चाहि कसलाई कहा कहा खटाउने हो त्यो ढंगबाट खटाएर अगाडि बढ्नुपर्ने सुभ्काव दिन चाहान्छु र विशेष गरि यो नीति तथा कार्यक्रममा असाध्ययी राम्रो ढंगले सबै क्षेत्रलाई सबै बर्गलाई, सबै आम नागरिकलाई चाहि छुने तरिकाले जुन यो खालको समेटिएको छ यसमा चाहि धेरै धेरै हृदयदेखि नै स्वागत गर्दै आफ्नो भनाईहरु यहि टुङ्ग्याउँछु हवस धन्यवाद ।

**माननीय दिव्यश्वरी शाह :-** सम्माननीय सभामुख महोदय, हामीले २०७४।०७५ सालको नीति तथा कार्यक्रमको पायौ हेर्यौ तर सुन्यमा हामीले विदा गर्यौ । अब नीति तथा कार्यक्रम २०७६।०७७ को हाम्रो हातमा परेको छ । त्यो पनि हिजोको जस्तो नहोस हामीले कुनै अनुभुति नपाएर के नीति आयो, के कार्यक्रम आयो, कुन ठाउँमा बजेट पास भयो भन्ने कुरा हामीले अनुभव नै नगरेर हामीले ती दुईवटा नीति तथा कार्यक्रमहरुलाई संगेर हामीले पास गर्यौ अब त्यो त्यस्तो नहोस भन्ने आशा गरेका छौ । सम्माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको यस गरिमामय चौथो अधिवेशनमा ०७६।०७७ को लागि बार्षिक नीति तथा कार्यक्रम भर्खरै प्रस्तुत गरिएको छ । २११ बुदामा समेटिएको यस नीति तथा कार्यक्रममा बुदा नं. १ देखि ३ सम्म पृष्ठभुमि तथा विषय प्रदेशको प्रसग रहेको छ भने सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा पर्ने प्रदेशका चालु आ.व.उपलब्धीहरु, बुदा नं.४ देखि बुदा नं. ३४ सम्म प्रस्तुत भएका छन् । बुदा नं.३५ देखि बुदा नं.२०९ सम्म आगामी ०७६।०७७ का लागि बार्षिम नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । बाँकी २ बुदाहरु २१० र २११ मा प्रस्तुत कार्यक्रमको समिक्षा सहित आशा, आकांक्षा र अपेक्षा सहितको निष्कर्ष बारे चर्चा गरिएको छ । यस गरिमामय चौथो अधिवेशन आज यहा प्रस्तुत नीति तथा कार्यक्रम सरसरती हेर्दा निकै महत्वकांक्षी देखिएता पनि सुदूरपश्चिम प्रदेशको विकास तथा निर्माणका प्राथमिकता निर्धारण गर्ने क्रममा यो नीति तथा कार्यक्रम तथ्य र बास्तविकतामा आधारित नरहेको देखिन्छ । सुदूरपश्चिका मुलभुत समस्याको पहिचान गरिएको छैन । रोगको सहि पहिचान भए नभएको उपचार पनि त्रुटिपुर्ण भएर जान्छ । गत बर्ष ०७५।०७६ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दा निर्माण बर्षको रुपमा लिने सन्दर्भ रहेको थियो माननीय सभामुखज्यू सुशासन, प्रवर्द्धन र विकास निर्माण कार्य अघि बढाउनका लागि कानून निर्माण महत्वपूर्ण विषय हुन जान्छ । यस सम्बन्धमा अभ्कै १७ वटा कानून तर्जुमाको चरणमा रहेको कुरा बुदा नं.७ मा मानियो २ वटा विधेयक अभ्कै विचाराधिन रहेको कुरा आयो कानून निर्माण नै अधुरो रहेको स्थितिमा विकास निर्माण पनि सुस्त र गतिहिन रहने नै भयो । सुदूरपश्चिमको मुलभुत समस्या हामी खाद्यान्नमा आत्मनिर्भर छैनौ । कृषि क्षेत्रबाट जनसंख्या पलायन हुदै गएको छ । कृषिजन्य जमिन बाभ्कै राख्ने प्रवृत्ति बढ्दै गएको छ । यस सम्बन्धमा नीति तथा कार्यक्रमको बुदा नं.२६ मा भुउपयोग नीति मापदण्ड तयार गर्ने क्रममा छ भनिएको छ । साथै बुदा नं.२७ मा खाद्यान्न आयात घटाउने बारे

गुणस्तरिय विउ उत्पादनको प्रसंग मात्रै उल्लेख गरिएको छ । प्राथमिकता हुनुपर्थ्यो भन्ने खेतिपातिमा संलग्न हुने किसानलाई खेतिबाट पलायन नहुन हुन नदिने, खेतिपातिलाई व्यवस्थापन तर्फ आकर्षण गराउने नीति आउनुपर्नेमा त्यो विषय प्राथमिकता नै राखिएन । कृषिमा आधारित सुदूरपश्चिमको ठुलो जनसंख्यालाई कृषि कार्यबाट पलायन हुन नदिने नीति तथा कार्यक्रम आउनुपर्नेमा यो अन्यथा भएको छ यस बारे सरकार नराम्ररी चुकेको छ । नागरिकलाई आवत जावत तुल्याउन प्रदेश सरकारले २२० किलोमिटर सडक ट्राक खोलिएको सन्दर्भमा सुरुमा लेखिन गएको छ । साथै चालु आ.व.मा १५ किलोमिटर मात्र कालोपत्रे गरिएको छ । १ बर्षमा १५ किलोमिटर मात्र कालोपत्रे गर्न सक्ने सरकारले बाँकी ४ बर्षको अवधिमा केवल ६० किलोमिटर मात्र कालोपत्र गर्न सक्ने सन्देश दिएको छ । २ वटा झुलुङ्गे पुल निर्माण गरिएका छन् । प्रदेश सरकारका उल्लेखनिय उपलब्धी यसरी व्याख्या सहित प्रस्तुत गरिएका छन् । यिनी उदाहरण मात्र हुन । बुदा नं.२६ देखि बुदा नं.३१ सम्म सरकारले प्रस्तुत गरिएको कृषि सम्बन्धी उपलब्धीहरु हेर्दा कृषि क्षेत्रमा सरकारको यस चालु बर्षमा उपलब्ध निराशाजनक रहेको छ । बुदा नं.१०१ मा कृषि तथा बन विज्ञान स्नातक सम्मको अध्ययनको कुरा लेखिएको छ । कृषि सम्बन्धमा सबै माध्यामिक विद्यालयहरुमा कृषि सम्बन्धी ज्ञान दिने पाठ्यक्रमको व्यवस्था गरिनुपर्ने नीति र कार्यक्रम आउनुपर्दछ । अन्यथा कृषि कार्यमा लागेका ठुलो जनसंख्यालाई आत्मनिर्भर बनाउन पनि सकिदैन उनिहरुको विदेश पलायन हुने कार्यक्रम पनि रोकिदैन । सुदूरपश्चिमको अर्को ठुलो समस्या भनेको युवा जनशक्ति वेरोजगार रहनु र कामको रोजगारी भारत पलायन हुनु हो । त्यो युवा जनशक्तिलाई देश भित्रै रोजगारी दिने सम्बन्धमा कुनै ठोस नीति तथा कार्यक्रम समावेश भएको छैन । भारत जाने रोजगारीहरुलाई बुदा नं.९६ मा विमा व्यवस्था भयबाट प्रत्यक्ष रुपमा पर्वद्धन गर्न खोजेको देखिन्छ । पर्यटन प्रवर्द्धनका लागि कुनै पनि भरोसा लाग्दो कार्यक्रम देखिएन भ्रमण बर्ष २०२० को पर्यटनको लागि संघीय सरकारबाट मात्र अपेक्षा गरिएको छ । पर्याप्त पर्यटन विकासका लागि बार्षिक कार्ययोजना बनाउने नीति नै आएन । बुदा नं.१०४ देखि ११९ सम्म कृषि विषयमा कुरा सैद्धान्तिक विषय उल्लेख गरिएता पनि सो लाई प्राप्त गर्ने भरोसायोग्य कार्यक्रम राखिएको छैन । दैवीक विविधता, जलाधार संरक्षण, सिमसार र चुरे क्षेत्रको बास्तविक समस्या उल्लेख गरि सो को समाधान बारे स्पष्ट रुपमा कार्यक्रम आएन । लघुजलविद्युत विस्तार गर्ने तथा नयाँ लघुजलविद्युत निर्माण गर्ने बारे नीति नै बनेन केवल बुदा नं.१७० मा संचालनमा रहेका योजनाहरु मर्मत, सम्भार समेत गर्ने कुरा उल्लेख भएको छ । सुदूरपश्चिमलाई विद्युतमा आत्मनिर्भर बनाउने नीति तथा कार्यक्रम आउनुपर्नेमा सरकार लघुजलविद्युत नीतिमा गम्भिर रुपमा चुकेको छ । प्रदेश तथा स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा केवल ४०१ मात्र पदपूर्ति भएका छन् भने बुदा नं.१० अनुसार अझै झण्डै १०६ पदपूर्ति हुन सकेका छैनन । आफ्ना कर्मचारी व्यवस्थापन गर्न नसक्ने सरकारबाट जनताबाट विकास निर्माणको अपेक्षा गर्न सक्ने ठाउ नै रहेन । माननीय सभामुखज्यू यहा कस्तो नीति तथा कार्यक्रममा चालु आ.व. उपलब्धीहरु निराशाजनक र आगामी बर्षका कार्यक्रमहरु तथ्य, बास्तविकतामा आधारित देखिएका छैनन सुदूरपश्चिमका जनताको तिब्र गतिमा विकास निर्माण सम्पन्न गर्नुपर्ने आसा पुरा गर्न सक्ने नीति तथा कार्यक्रम भएन । यहा प्रस्तुत नीति तथा कार्यक्रम व्यापक परिमार्जन सहित संशोधन हुनुपर्ने देखिन्छ । सभामुख महोदय, अस्थि पनि मैले हाम्रो मन्त्रीज्यूकहा भेटघाटमा एउटा स्पोट कलेज बनाउनुपर्ने प्रस्ताव राखेको थिए । त्यो स्पोर्ट कलेज हुन यो प्रदेशमा जरुरी छ किन भने स्पोर्टमा भाग लिन सुदूरपश्चिमबाट संघीय केन्द्रमा जादा हाम्रा बच्चाहरु निराशाजनक रुपले हिडिरहेका हुन्छन् । त्यस कारणले यसमा पनि ध्यान जावस भन्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय देवकी मल्ल थापा :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको अभिन्न अंगको रुपमा रहेको यो गरिमामय सभामा सरकारले वडा मेहनतका साथ ल्याएको नीति तथा कार्यक्रमलाई यो गरिमामय सदनमा सभामुख मार्फत म सरकारलाई धन्यवाद दिन चाहान्छु । सुदूरपश्चिमका जनताको भाग्य निर्धारण गर्ने यो दस्तावेज साहेद सवै भुगोलहरु सबै सम्भावनाहरु यहाका सबै आवश्यकताहरुलाई सम्बोधन गरेर सबै यहाका विकासका सम्भावनाहरुलाई सम्बोधन गरेर यहाको मानवीय, सामाजिक क्षेत्रका सम्पूर्ण कुराहरुलाई सम्बोधन गरेर यो दस्तावेज यहा प्रस्तुत भएको भन्ने लागेको छ । हामी सबैको हातमा छ यो दस्तावेज हामी सबैले पढेका छौ त्यसैले दस्तावेजका असल कुराहरु राम्रा पक्षहरुको बारेमा धेरै व्याख्या गरिराख्न म जरुरी ठान्दैन यो समग्रमा धेरै राम्रो छ, धेरै असल छ । यो साच्चिकै अबका दिनहरुमा तुरुन्तै बन्न खोजिरहेको बजेटमा यि कुराहरु व्यक्त भएर आउने छन् म आशा र अपेक्षा व्यक्त गर्न चाहान्छु । तर थोरै सुझाव सामाजिक क्षेत्र अर्न्तगत सुदूरपश्चिमको एउटा धरोहर सेती अंचल अस्पताल, माहाकाली अंचल अस्पताललाई यो प्रदेश सरकारले यसै बजेटमा साच्चिकै यसको स्तरोन्नती, प्रगति हुने गरि सारा विरामीहरु, गरिबहरु, पिडितहरुले देखिने गरि चेन्ज हुने गरि बजेट छुट्याईनु पर्दछ । धेरै समस्या छ त्यहा भवनको अभावछ, अरु अरु चिजको पनि अभाव छ । सेती अंचल अस्पताल भित्र चलाईएको डाईलोसिस कक्ष डाइलेसिसको जुन व्यवस्था गरिएको छ यो मान्छेको ज्यानमारा अवस्था भएको छ । त्यो डाईलोसिस कक्ष सँग मेरो एक बर्ष भयो कनट्याक्ट भएको अहिले सम्म ८-१० जना विरामी मरिसके त्यो सँग राम्रो मेशिन छैन । त्यसका पाइपहरु सफ गर्ने त्यस्तो मेशिनहरु छैन । त्यहा कुनै डक्टर छैन । विरामी डाईलसिसको विरामी पर्दा त्यहा कुनै डक्टर आउदैन । हामी निसर्ग दौडिनु पर्छ, नवजिवन दौडिनुपर्छ । त्यो विरामी हेर्ने डक्टर छैन । सेती अंचलको डक्टरसापहरु त्यहा माथि आउन मान्दैन । त्यसैले म भन्न चाहान्छु यो डाईलसिस कक्ष कि बन्द गरियोस, कि राम्रो सँग चलाईयोस सेती अंचल अस्पताल संघीय मन्त्रालय सँग के एग्रमेन्ट भएको हो ? प्रदेश सरकार सँग के एग्रीमेन्ट भएको हो ? यो कुरा मतलब सबै तरिकाले छानविन हुनुपर्दछ । त्यस पछि मात्र यो डाईलसिस कक्ष चलाउनु पर्दछ । त्यहा भित्र भएका नर्सहरु मतलब काम गर्ने कामदारहरुको तलब नपाएर चार पाच महिनामा भाग्नुपर्ने स्थिति आएको छ । त्यसैले कुन एन्जीवलाई हार गरेर हो यो यसको बारेमा क्लीयरलि बुझ्न जरुरी छ । अर्को कुरा स्वास्थ्यकै क्षेत्रमा दिर्घ विरामीहरुलाई कुनै मतलब भत्ताको व्यवस्था गर्न सक्दैन यो प्रदेश सरकारले यसमा पनि प्रदेश सरकारले सोच्नु पर्दछ । हामीले अर्को पर्यटनको क्षेत्रमा सुदूरपश्चिममा एउटा धरोहर नाम पार्दै आएका खप्तडलाई यसपालिकै बजेटमा छिटो भन्दा छिटो त्यहा पर्यटक पुऱ्याउने गरि व्यवस्था गरियोस । धनगढी टु खप्तड जो मार्गको स्तरोन्नती, यसलाई जोड्नेकुराहरु, पिचगर्ने कुराहरुमा विशेष गरि सरकारको ध्यान जाओस बझाङ जिल्लाकै हकमा वन क्षेत्रमा जडिबुटिका ४०० प्रजातिका जरिबुटि बझाङ्गमा पाईन्छ । यि जडिबुटिहरुको मतलब अध्ययन अन्वेषण गर्ने कुराहरु, स्थानीय तहस्तरमा कार्यालयहरु खोलेर यसमो व्यवस्थापन गर्ने, वन कार्यालयहरुको खोलेर व्यवस्थापन गर्ने यो जडिबुटिलाई साच्चिकै मतलब सदुपयोग हुने गरि जनतालाई बुझ्ने गरि राहात फाईदा हुने गरि यसको व्यवस्थापन कसरी गर्न सकिन्छ साच्चिकै प्रदेश सरकारले यसमा ध्यान दिनुपर्नेछ । बझाङ्ग जिल्लाकै हकमा हिजो हामीले बझाङ्ग जिल्लाका मान्छेहरुले आफैले कपडा उत्पादन गरेर लाउने अवस्था गियो आज आधुनिक स्टाईलमा भएका मतलब उत्पादन गर्ने उद्योगहरुलाई समेत मतलब सुकाएर आज आधुनिक स्टाईलमा गरिराखेको छ । कपडा बनाउने, कम्बल बनाउने, ... बनाउने उद्योगहरु लोप भएका छन् । त्यसैले यि हिजोका हाम्रा उद्योगहरुलाई कसरी विकास गर्न सकिन्छ, कसरी यसको स्तरोन्नती गर्न सकिन्छ यसमा पनि प्रदेश सरकारले विशेष गरि हामी भन्दै आएका छौ हामीलाई बजेट थोरै दिएको छ । अझै केन्द्रिय सरकारको संघको ध्यान पछाडि परेका क्षेत्रहरु, भुगोलहरुमा पुग्न सकिराखेको छैन । र आएको बजेटलाई साच्चिकै मतलब हाम्रा आधारभुत

जनतामा, आधारभुत क्षेत्रमा, आधारभुत भुगोलमा पुकाउनका लागि म प्रदेश सरकार सँग आग्रह गर्न चाहान्छु । किन भने मैले पोजेटिभ तरिकाले भने किन त भन्दा त्यो क्षेत्रमा पुग्न जरुरी छ । त्यो क्षेत्रमा बजेट बनाउन जरुरी छ । त्यो क्षेत्रलाई सम्बोधन गर्न जरुरी छ । त्यो वर्गलाई सम्बोन गर्न जरुरी छ । यसमा प्रदेश प्रदेश सरकारको ध्यान जान जरुरी छ । सडकको सवालमा हामीले खन्ने काम मात्रै गर्यौं । खन्ने काम मात्र भैराखेको छ । साच्चिकै प्रदेश सरकारको देखिने गरि सडकहरु पिच बनाउने लक्ष्य बजेटमा व्यक्त हुनुपर्दछ । साच्चीकै उद्योगको स्थापनाको लागि अझै स्थानीय तहमा यो नीति तथा कार्यक्रममा पनि स्थानीय तहमा पनि उद्योगहरु स्थापना गर्न आधुनिक टाईपको कृषि, आधुतिक प्रणालीको कृषिलाई जोड्नका लागि विशेष गरि प्रदेश सरकारको ध्यान जानुपर्दछ । पछाडि परेका महिला, दलितहरुका लागि साच्चै सारिरीक र मानशिक यातनाका कुराहरु छन्, हिंसाका कुराहरु छन् । यिनलाई सम्बोधन हुनेगरि यसको निराकरण हुनेगरि यो कार्यक्रम प्रदेश सरकारले बनाउनुपर्दछ लगायतका यावत कुराहरु जो यो नीति तथा कार्यक्रमले बोलिराखेको छ यो नीति तथा कार्यक्रम अर्न्तगत धेरै कुराहरु मुर्त देखिने तरिकाले बजेटमा व्यक्त हुनुपर्दछ भन्ने कुरा राख्दै यो नीति तथा कार्यक्रम धेरै राम्रो छ । यसले साच्चिकै भविष्य निर्धारण गर्ने संकेत गरेको छ भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय मान बहादुर सुनार :-** माननीय सभामुख महोदय, यो आर्थिक बर्ष २०७६।०७७ को जुन यो कार्यनीति आएको छ यो अत्यन्तै राम्रो छ । यो प्रदेश सरकारले ल्याएको यो कार्यक्रम अत्यन्तै स्रहानीय छ । यसको म स्वागत गर्छु, समर्थन गर्न चाहान्छु । यसमा यस किताबमा सम्पूर्ण कुराहरु आई सकेका छन् । सम्पूर्ण कुराहरु पढीसकेका छौ । यतातिर नगईकन म चाहि यो केहि कुराहरु राख्न चाहान्छु । खास गरिकन महेन्द्रनगरको वडा नं.१६ मजगाउँ विमानस्थल जुन छ त्यो चाहि विमानस्थल हामी २०२७, २०२८ साल देखि चढ्दै आएका थियौ । त्यो विमानबाट हामी काठमाण्डौ गएका थियौ काठमाण्डौबाट त्यहा पनि आएका थियौ । अहिले चाहि त्यो विमानस्थल बन्द भएको छ । उदाहरणका लागि म के भन्न चाहान्छु भनेपछि जस्तो हाम्रो धनगढीको विमानस्थल अहिले बन्द भएको छ त्यो विमानस्थल चालु भएको भएपछि अहिले यहाबाट चाहि काठमाण्डौ जाने मान्छेहरुले सास्थी खेप्नु पर्ने थिएन र त्यो विमानस्थललाई प्रयोग गरेर हामी त्यसबाट पनि काठमाण्डौ पुग्न सक्ने अन्यत्र जान सक्थ्यौ त्यसो भएको कारणले त्यो विमानस्थल बनाउन अत्यन्त जरुरी छ । म बुदागत रुपमा के भन्न चाहान्छु भनेपछि त्यो विमानस्थलका लागि दिल्ली ३३० किलोमिटर टाढा छ त्यहाबाट आउने पर्यटकहरुलाई त्यहा भित्राउने र त्यस्तै किसिमले नैनिताल १५० किलोमिटर टाढा छ त्यहाबाट आउने पर्यटकलाई पनि हामीले ल्याउन सक्ने देहरादुन ४३० किलोमिटर टाढा छ त्यस्तै किसिमले हजुरको हरिद्वार ३७० किलोमिटर टाढा छ । बरेली १०० किलोमिटर टाढा छ र लखनउ ४०० किलोमिटर टाढा छ यति क्षेत्रबाट हामी त्यहाबाट पर्यटक ल्याउन सक्ने । त्यहाबाट ल्याएका पर्यटकहरुलाई त्यहा हुदै हामी त्यहा देखि खप्तड हुदै यो शुक्लाफाटा राष्ट्रिय निकुञ्ज त्यहा चाहि पर्यटकहरु लैजाने । हाम्रो झुलुङ्गे पुल पर्यटकिय क्षेत्र एकदम अत्यन्तै राम्रो छ त्यहा लैजाने गरिम भनेपछि हामी एउटा सुदूरपश्चिमाञ्चलको चाहि विकासको ढोका खोल्ने एकदम राम्रो स्थल हुने भएको कारणले त्यो क्षेत्रलाई त्यो ठाउलाई यो विमानस्थल बनाउनुपर्छ भन्ने सम्पूर्ण चाहि सुदूरपश्चिम प्रदेशका जनताको खासगरिकन कंचनपुर जिल्लाका सम्पूर्ण जनताको माग भएको कारणले एकदमै त्यो जरुरी छ सभामुख महोदय, हिजो मात्रै त्यहा हामी एउटा समिति गठन गरेर हामी मुख्यमन्त्रीजीलाई एउटा ज्ञापन पत्र बुझाएका छौ । त्यस्तै गरिकन हामीले पर्यटन तथा बन मन्त्रीज्यूलाई उहालाई पनि बुझाएका छौ । राज्यमन्त्रीज्यूलाई पनि बुझाएका छौ । सम्पूर्ण डकोमेन्टसहरु उहालाई बुझाएका छौ । त्यसो भएको कारणले त्यो ठाउमा यो एयरपोर्ट बन्न अत्यन्तै जरुरी छ । यसलाई बनाउनु पर्छ भन्ने म जोडदार माग गर्न चाहान्छु त्यसका साथ साथै यो सम्मानीत हाउसबाट सभामुख मार्फत यसलाई केन्द्रमा पनि

सिफारीस गरेर पठाईयोस भन्ने म कुरा राख्न चाहान्छु । त्यसका साथ साथै त्यतिमात्र होईन टिकापुर विमानस्थल पनि बनाउनुपर्छ भन्ने मेरो माग छ किन भने हामीले पर्यटक जति भित्राउन सक्यौ त्यतिचाहि यो क्षेत्रको यो प्रदेशको विकास हुने भएको कारणले टिकापुरलाई पनि विमानस्थल बनाउनुपर्छ त्यतिमात्रै होईन पहाडका जतिपनि हाम्रा विमानस्थल पहिला थिए तिनलाई पनि सुचारु गर्नुपर्छ र अन्य सुचारु गर्ने ठाउँहरुको पनि अध्ययन गरिकन त्यलाई पनि त्यो विमानस्थलहरु त्यहा संचालन गर्नुपर्छ भन्ने म एउटा माग गर्न चाहान्छु । त्यसका साथ साथै हामी सुख्खा बन्दरगाहा सुख्खा बन्दरगाहाका विषयमा अहिले चाहि केन्द्रले पनि बोलेन त्यो कुरा पनि आएन त्यहा चाहि पहिला पर्यटन मन्त्री हाम्रो लेखराज भट्ट हुदा खेरि उहाले पनि सुख्खा बन्दरगाहा त्यहि क्षेत्रमा बन्नु पर्छ भनेर कुरा आएको थियो । त्यसपछि गएर मैले पहल गरेर हाम्रो अध्यक्ष पुष्पकमल दाहाललाई पनि हामीले त्यहा दोदोधरा चादनीको कंचनपुरमा उतारेर त्यो क्षेत्रमा सुख्खाबन्दरगाहा बन्नुपर्छ भन्ने कुरा राख्दाखेरि उहा पनि सहमत भएर त्यो ठाउमा बनाउनुपर्छ भन्ने त्यो किसिमको उहाले पनि कुरा राख्नु भएको थियो त्यतिमात्र होईन अहिलेको तपाईको पर्यटन मन्त्री मातृका प्रसाद यादवलाई पनि त्यहा ल्याएर राख्दा खेरि त्यो ठाउमा बन्नु पर्छ भन्ने किसिमको कुरा आएको छ । यत्रो अगाडि कुरा भैसकेको छ । अहिले पनि केन्द्रमा त्यो नबोलेको कारणले यसै सम्मानीत सदनबाट सभामुख मार्फत यो कुरा पनि अगाडि जावस भन्ने चाहि म विनम्र आग्रह गर्न चाहान्छु । त्यसका साथ साथै त्यहा सुख्खाबन्दरगाहा भैसकेपछि त्यो हाम्रो गड्डाचौकी हुदै हाम्रो जहा सुख्खाबन्दरगाहा बन्ने छ त्यसमा चेकपोस ईन्टिग्रेटिङ चेकपोष्ट बन्ने भएको कारणले त्यो चेकपोष्टका विषयमा पनि त्यहा चाहि त्यसको कुराहरु अगाडि बढावस भन्न म चाहान्छु । त्यस्तै किसिमले चाहि अव्यवस्थित जग्गाहरुलाई व्यवस्थित गर्नका लागि एउटा उदाहरणका लागि कैलाली र कंचनपुरमा अत्यन्तै समस्याहरु छ त्यो हाम्रो त्यतिबेला हामी सबैले त्यो कुरा बोलेका थियौ । अब आउने दिनमा हामी सम्पूर्ण अव्यवस्थित जग्गाहरुलाई सुकुम्बासिहरुलाई जग्गा दिन्छौ । अव्यवस्थित जग्गाहरुलाई व्यवस्थित गर्छौ भनेर कुरा गरेका थियौ त्यो कुरा अहिले कता कता म सुन्नमा आएको छ । २५ प्रतिशत जति छ त्यको २५ प्रतिशत राजश्व लिने भन्ने कुरो छ मलाई के लाग्छ भने त्यो प्रकारको कुरो लागु भो त्यो प्रकारको किसिमले हामी आईम भनेपछि त्यो २५ प्रतिशतका लागि लकभग लकभग ४ लाख बराबरको सबै ठाउमा जग्गा छ त्यो २५ प्रशेन्टले गर्दा खेरि १ कठ्ठाको १ लाख रुपैया तिरेर मान्छे लिन सक्ने अवस्था हुदैन । त्यसो भएको कारणले त्यस विषयमा पनि व्यापक हामीले यो हाम्रो सम्मानीत सदनलाई पनि हामी केन्द्रलाई पन त्यो सुझाव दिन सकौ भन्ने म एउटा माग गर्न चाहान्छु । त्यसका साथ साथै शुक्लाफाटा राष्ट्रिय निकुञ्ज शुक्लाफाटा राष्ट्रिय निकुञ्ज एकदमै तपाईको त्यत्रो पर्यटकिय क्षेत्रको दृष्ट्रिकोणले त्यत्रो राम्रो त्यो ठाउँ छ । त्यसलाई हामीले अगाडि बढायौ स्तरोन्नती अगाडि बढायौ त्यहा चाहि हामीले सुविधा दिन सकि भनेपछि हामी त्यो क्षेत्रमा ईण्डियाबाट आउने पर्यटकहरुलाई त्यहा भित्राउने हामी त्यहाबाट पनि नैतिताल, हरिद्धार, देहरादुन हुदै उतातिर लैजाने उताका पनि यता ल्याउने गरिम भनेपछि निश्चित रुपले चाहि यो सुदूरपश्चिमका जनताले त्यसको उपभोग गर्ने यसलाई अगाडि बढाउन सक्ने हुनेछ त्यसको पनि एउटा विचार होस भन्ने चाहि म कुरा राख्न चाहान्छु । त्यस्तै गरेर चाहि एशियाको लामो झोलुङ्गे पुल त्यसलाई अर्को माथि तिर बन्दै गरेको जुन चार लेनको पुल छ त्यो त बन्दै गरेको छ त्यसका साथ साथै त्यसलाई पनि हामी आउने दिनहरुमा पनि त्यसलाई मर्मत सम्भार गरेर त्यसलाई पनि एउटा म्युजियमका रुपमा राख्नुपर्छ र त्यसलाई पनि मान्छेहरुले शुक्लाफाटा जाने मान्छेहरु त्यहा पनि झुलुङ्गे पुल हेर्न जाने भएका कारणले त्यसलाई पनि अगाडि बढाउनु पर्छ भन्ने म कुरा राख्न चाहान्छु । त्यस्तै किसिमले खप्तडमा खप्तडमा चाहि तपाईको रिङरोड लगायत खप्तडमा त्यहा चाहि केबुलकारको व्यवस्था गरेर एउटा पर्यटकिय क्षेत्र भयो भनेपछि यो चाहि समग्र सुदूरपश्चिमलाई जोड्ने सुदूरपश्चिमलाई अगाडि बढाउने पनि हुन सक्छ त्यसलाई पनि मध्येनजर

राखियोस भन्ने म भन्न चाहान्छु । त्यसका साथ साथै मानसरोवर जाने मान्छेहरु हाम्रो यो क्षेत्रमा होटलहरु नभएर यहा चाहि आउने यातायातको कुरा नभएर सबै चाहि मान्छेहरु उतातिर नेपालगन्ज हुदै लामो चाहि बाटो हुदै उनिहरु मानसरोवर जाने कुरो छ । त्यो उनिहरुलाई रोक्नका लागि अथवा उनिहरुलाई यो क्षेत्रबाट भित्राउनका लागि  हामीले होटेल व्यवसायिहरु लगायत हामी तपाईका सम्पूर्ण यो पहाडमा यहाबाट प्लेनहरु चल्न थाल्यो भनेपछि मानसरोवर जाने पनि अन्यत्र नगएर यसै क्षेत्रबाट जाने भएका कारणले त्यसलाई पनि मध्येनजर गरेर त्यसलाई पनि अगाडि बढाईयोस त्यसका साथ साथै यो सरकारले ल्याएको चाहि सडक, पुल र चाहि तपाईको अन्य जतिपनि कुराहरु छन् सबै एकदम स्राहनिय छन् राम्रा छन् । त्यसो भएको कारणले आउदा दिनहरुका लागि यो सरकारले ल्याएको नीति र कार्यक्रम अत्यन्तै राम्रो छ । र यो कार्यक्रम राम्रो सँग लागु होस र यसको उत्तरोउत्तर प्रगति होस भन्ने भनाई राख्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय नन्द बहादुर साउँद :-** माननीय सभामुख महोदय, हाम्रो प्रदेशको नीति तथा कार्यक्रम जुन चाहि सदनमा पेश भएको छ । सर्व प्रथम त म यो नीति तथा कार्यक्रममा आफ्नो भनाई राख्नु भन्दा अगाडि यसको पूर्ण समर्थन गर्न चाहान्छु । र यसमा अब यो करिब हाम्रो चौथो अधिवेशनमा प्रदेश सरकारले एउटा सुदूरपश्चिमका जनताको एउटा भावना र विकासलाई समेटेर यहा ल्याएको छ । यसले सबैको जीवन यो नीति तथा कार्यक्रममा जोडिएको छ । त्यसैले यो २११ वटा बुदामा यहा यो केन्द्रित छ । हामी सबै बुदा बुदामा गएर यसको पूर्ण भन्न सक्ने स्थितिमा हामी छैनौ । त्यसो हुदा यहा विशेषत समृद्धि, विकाससँग जोडिएको कुरा हो । दोस्रो कुरा नया भनेको संघीयता यो देशमा लागु भैसकेपछि प्रदेश सरकारको एउटा छुट्टै अवधारणा हो । अब यो देशमा यो प्रदेशमा यो प्रदेश सरकारले र हाम्रो सरकारले यहाको जनताको अपेक्षा अनुसार यहाको समृद्धि र विकासको लागि कुन चाहि नारा लिने भन्ने कुरा पहिलो कुरा हो । त्यसो हुदा यहा केहि समिक्षा गरिएको छ । विगत सरकारले गरेका काामहरुको बारेमा म त्यतातिर जान्न र मोटामोटी रुपमा यसले अहिले विशेष त समग्र ७ वटा मन्त्रालयको आ-आफ्नो काम समेटेको यो दस्तावेज भित्र छ जस्तो मलाई लाग्छ । र मन्त्रालय अर्न्तगत विषयगत मन्त्रालय अर्न्तगत यसले समग्र क्षेत्रमा मुख्य त एउटा दस्तावेज डकोमेन्ट बनाएको छ । यो भनेको समग्र क्षेत्रको विकासको लागि यसले नया उ लिएको छ । प्रदेशको उच्च आर्थिक विकास तथा समाजवाद उन्मुखको गन्तव्यमा पुग्नको लागि सार्वजनिक, नीजि या सहकारी क्षेत्रलाई मेन हामीले आधार बनाएका छौ र काम गर्ने एउटा पुलको आधारमा र त्यसपछि गएर प्रदेश योजना आयोग र प्रदेश लगानीबोर्डका कुराहरु यहा जोडिएका छन् । र यसले आगामी दिनहरुमा यि यि कामहरु पुरा गर्नको निम्ती अगाडि बढ्दैछ । अर्को भनेको हाम्रो प्रदेश सबभन्दा बढी गरिबी भित्र भएको र भौगोलिक विकटले पनि बढी चिनिएको प्रदेश भनेको यो हो त्यसले गर्दा अहिले स्वरोजगार विकास कोष हामी सुन्दै छु । हामी सँग धेरै दक्ष जनशक्ति सँग तालिम प्राप्त गरेको, सीप सिकेको कुराहरु छ भने स्वरोजगार विकास कोषलाई यहाको दक्ष जनशक्तिलाई आत्मनिर्भर बनाउनको निम्ती पहिलो कुरा यसले यहा जोडेको छ । प्रदेशको ग्रामिण भेगमा नागरिक लक्षित एउटा व्यक्ति एउटा खाता यो भनेको मान्छेको एउटा आत्मनिर्भर र संक्षित एउटा कोषको रुपमा यसले जोडिएको छ । त्यसले गर्दा हरेक व्यक्तिलाई आफ्नो खातामा आफ्नो बचत बसाल्ने बानी र बचतबाट उसले आफ्नो भविष्यमा हुने कतिपय कुरा जोडिने र केहि समस्या हल गर्ने कुरा जोडिन्छ । र दास्रो भनेको प्रदेश सरकार अर्न्तगतका निकायहरुमा कार्यरत कर्मचारीहरुलाई काम प्रति थप उत्प्रेरित गर्न र सम्पादनको लागि यो भनेर मैले पटक पटक यहा कुरा उठाएको छु । जो कि यो प्रदेशमा आउने कर्मचारी र यहा उसलाई ईन्भिल्ब गर्नको निम्ती हामीले यो सरकारले के चाहि प्रोत्साहन दिने त्यो कुरा जोड्नुपर्छ जस्तो लाग्छ यहा जोडिएको छ । र समग्र प्रदेशको विकासको लागि एउटा परियोजना बैंक यसले एउटा आफ्नो बाटो अगाडि बढाई रहेको छ र विकासका साझेदारीहरु सँग सहकार्य गर्न सकिने विषय क्षेत्र प्रणाली

तथा प्रक्रियाका आधारमा पहिचान गरिने भन्दा हामी यो क्षेत्रको विकासको लागि हामी थुप्रै आयोजना र साझेदारी गर्न सकिने एउटा मेन आधार बनाएको छ । बजेट तर्जुमा कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग गरिन्छ । र यो सँग हाम्रो प्रदेशले मुख्यत प्रदेशको एउटा हरेक जिल्लालाई समेट्ने तरिकाले यो अनुगमन तथा निर्देशनालय बनाउन अझै जरुरी छ जस्तो मलाई लाग्छ यो सुचांकको सवालमा त्यसले सबै जिल्लाको रिपोर्ट केन्द्रित गरेर त्यो माध्यममा हामीले यसलाई अगाडि बढाउन सक्यौ जस्तो मलाई लाग्छ । संस्कृति, कला, साहित्यको हिसाबले प्रज्ञा प्रतिष्ठानको स्थापना त्यसपछि गएर धार्मिक, सांस्कृतिक पहिचानको मर्मत, सम्भारका कुराहरु जोडिएका छन् । यो सँग एउटा कुरा म के भन्न चाहान्छु भन्दा एउटा सुझावको हिसाबले विगत लामो समय यो देशको परिवर्तनको लागि सबैले आन्दोलन गरिरहेका छन् । त्यसैले कतिपय ठाउमा जनयुद्धलाई ईतिहासमा जोडेर के त्यस्ता क्षेत्रको पनि विकास गरिनुपर्छ त्यो भनेको यहा किल्ला गडिको कुरा गरिएको छ र विगत लामो समय यो परिवर्तनमा लागेका कतिपय कुराहरु जोडिएको छ । यसलाई हामीले आगामी बर्षको बजेटमा पनि जोड्न म अनुरोध गर्न चाहान्छु र बालविकास शिक्षक तथा विद्यालय कर्मचारी पोषण कार्यक्रम भन्ने अहिले बालविकास भित्र पढाउने टिचरहरुका लागि एउटा ठुलो मद्दत पुगेको छ र अर्को कुरा शिक्षाको सवालमा भौतिक पूर्वाधार भनेको हाम्रो प्रदेशमा भूकम्प रहित एउटा संरचनाको अवधारणा बनाएर आम रुपमा यसलाई विकास गरेर अगाडि बढाउनु पर्छ भन्ने मेरो आफ्नो सुझाव रहन्छ । दोस्रो कुरा यातायात हामीले नीजि तथा सरकारी विद्यालयहरुलाई एउटा पोषणको तरिका र अघि माननीयज्यूले भने जस्तै जिल्ला या सदरमुकाम यस्तो आसपासमा भएका ठाउहरुमा त्यहा पनि गरिबका विद्यार्थीहरु छन् । उनिहरुले पनि बसमा चढ्ने रहर लाग्छ त्यस्तो स्कुलहरुमा हामीले बसको चाहि व्यवस्था गरेर यसको पनि अभ्यास गर्नुपर्छ जस्तो मलाई लाग्छ । र अर्को भनेको प्रदेशको आफ्नो प्राविधिक टेक्नीकल अथवा त्यो धारका कतिपय अपिसहरु यसले यहा बोलिरहेको छ । मौलिक हकको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने भनेपछि हामीले प्रत्येक वडा वडामा हामीले सामुदायिक स्वास्थ्य ईकाईको अवधारणा लिएका छौ । र अब हाम्रो प्रदेश सभामा प्रदेश लोकसेवा विधेयक प्रस्तुत छ यसले गर्दा भोली त्यहा कर्मचारी पूर्ति गर्ने कुरालाई पनि यसले सफल गर्छ जस्तो मलाई लाग्छ र बाँकी दुई जिल्ला हस्पिटल स्तरोन्नतीको कुराहरु जोडिएको छ । अर्को कुरा भनेको हामीले यो सँगै स्वास्थ्यमा आधारभुत विशेषत हामीले तिन चारवटा कार्यक्रममा हाम्रो यो स्वास्थ्य मन्त्रालय अर्न्तगत रहेको सामाजिक मन्त्रालय अर्न्तगत एउटा कार्यक्रम छ । त्यो अध्ययनको निम्ती हामीले लम्की चुहा नगरपालिकामा अहिले हामीले ५० देखि १०० सैयाको हस्पिटल बनाउनु पर्छ भनेर हामीले लगभग लगभग ३ देखि ४ करोडको हाराहारीमा एउटा बेस बनाएका छौ र आगामी बर्षमा त्यो हस्पिटललाई पनि हाईवे एक्सिडेन्ट तथा ट्रामा सेन्टर पनि सरकारले त्यसलाई विशेष गरि जोड्छ जस्तो मलाई लाग्छ । आगामी बजेटमा र दोस्रो कुरा यहा अस्पताल क्लिनिक, फार्मेसिको नियमित अनुगमन भनिएको छ । जहा समन नियमानुसार हस्पिटल भएको ठाउबाट कति दुरीमा क्लिकहरुलाई जोड्ने तर यहा विशेष गरेर यो हस्पिटल भएको दुरीबाट यति दुरी यति किलोमिटर भित्र मात्रै क्लिनिक हस्पिटल चलाउन पाईने भनेर एउटा कार्यक्रम बनाएर जोडेको भए अझै राम्रो हुन्थ्यो यसले गर्दा त्यहाको उपचारलाई अझै सपोर्ट हुन्थ्यो जस्तो मलाई लाग्छ । विशेष गरेर खेलाडिको हकमा हाम्रो नयाँ नौलो कार्यक्रम भनेको खेलाडिलाई एउटा प्रोत्साहन खेलाडि कोषको कुरा जोडिएको छ । अनि खेल पर्यटन प्रवर्द्धनका लागि सम्भावना अध्ययनको लागि जोडिएको छ । अन्तरप्रदेश खेलकुदको कुराहरु जोडिएको छ । मुख्यमन्त्री स्वयमसेवकको कुरा विशेष गरेर यहाको दक्ष जनशक्तिलाई जोड्नको लागि मुख्यमन्त्री स्वंयसेव कभनेको नै अब यो भित्र हामीले दक्ष जनशक्तिलाई हामीले स्वयमसेवकको आधारबाट अगाडि बढाउन सकिन्छ । अब विदेशबाट फर्केको साथि र त्यस्ता व्यक्तित्वहरुलाई रोजगारीको व्यवस्था गर्ने कुराहरु

जोडिएको छ । भारत रोजगारी गर्न जानेहरुलाई बीमाको कुरा एकदम महत्वपूर्ण छ । किन भन्दा यो हाम्रो सीमा खुला भएको हिसाबले मान्छे को आउछ को जान्छ त्यो हुदैन त्योले गर्दा विमाको कुरालाई जोडिएको छ। अर्को भनेको यसमा जनयुद्ध र जनआन्दोलनमा घाईतेहरुलाई विशेष गरि कार्यक्रमको आधारमा यो जोडिएको छ । त्यसैले यो भित्र यसले सम्पूर्ण केहि कुराको भावनालाई पनि यसले समेट्छ र यो सँगै कृषि तथा बन विज्ञान कार्यक्रम भनेको नया जस्तो लाग्छ यसले समग्र कृषि तथा बालिको लागि पनि अगाडि जो छ । एकिकृत कृषि कार्यक्रम त्यसपछि कृषि एक घर एक तालिम व्यक्ति भनेको त्यो स्वीकारमुलक बनाउने कुराहरु लगायत यि कुराहरु जोडिएका छन् । मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रम भनेको सब भन्दा हाम्रो महत्वपूर्ण कार्यक्रम भनेको यहि नै हो । किन भन्दा हामीले यसलाई व्यापक कुरा बढी उठाएका छौ र यो ले यो माध्यमबाट हामीले त्यहाको विकासको लागि यसले महत्वपूर्ण सहयोग चाहि गर्दछ भन्ने कुरा मैले बुझि रहेको छु र अर्को कुरा चुरे राष्ट्रपति संरक्षण कार्यक्रम सँगै हाम्रो पनि यहा हिमाली जिल्लाहरु छन् यि हिमाली जिल्लालाई जोड्नको लागि मुख्यमन्त्री हिमाली कार्यक्रम जोड्न पाएको भए अझै राम्रो हुन्थ्यो जहा सम्म बजेटमा ल्याउन सकिन्छ जस्तो मलाई लाग्छ । जडिबुटिको अध्ययन तथा प्रशोधन कुरा जोडिएको छ । एक स्थानीय तह एउटा उद्योगको कुराहरु जोडिएको छ । र अहिले पछिल्लो चोटि भनेको हाम्रो गेटा विमानस्थलको स्तरोन्नती र रात्रिकालिन सेवाको कुरा महत्वपूर्ण कुराहरु जोडिएको छ । हाम्रो यो सदनमा पटक पटक उठ्ने भनेको हवाईसेवा र आन्तरिक पर्यटनलाई कसरी जोड दिने भन्ने कुराहरुमा यो रात्रिकालिन सेवाले नै सबै भन्दा राम्रो महत्वपूर्ण कुराहरु जोडिएको छ । जलविद्युतको आयोजना अध्ययन गरि परियोजना बैंक निर्माण र साझेदारीको अवधारणा भनिएको छ । यो भन्दा हामीले अस्थि पनि के कुरा उठाएका थियौ भन्दा हाम्रो यो सुदूरपश्चिम प्रदेशमा जलविद्युत विकासलाई जोड्नको लागि नीजि तथा साझेदारी र यो क्षेत्रमा भएका सम्पूर्ण आम पब्लिकबाट हामीले कति प्रतिशत शेयर होल्डर अथवा कतिप्रशेन्ट लिएर त्यहा काम गर्ने त्यसले गर्दा तीन वटा सरकार छ । आफ्नो मुल्यमान्यता छ । बाँकी नीजि र स्थानीय लेबललाई र यहा भित्र भएको कर्मचारीलाई पनि प्रयोग गरेर हामी जलविद्युत विकासमा र शेयर लगानी गरेर पनि काम गर्न सकिन्छ । मेन आधार यहा जोडिएको छ । अर्को भनेको स्थानीय तह सँग प्रदेश जलविद्युतको कुरा जोडिएको छ । थोरै म यहानिर ग्रामिण विद्युत सहकारी संस्थाहरु अहिले यो हाम्रो कैलाली, कंचनपुर जिल्लामा व्यापक मात्रामा छन् तर यिनिहरुको चाहि आफ्नो अनुगमन गर्ने कुनै दायरा छैन । आज तपाईको विद्युत प्राधिकरणले पुरै लाईन त्यहा दिएको छ । त्यो सबभन्दा बढी चुहावट गर्ने सबभन्दा बढी भ्रष्टाचार हुने भनेको यिनै ठाउहरुमा म सबैलाई भन्न खोजेको यहा होईन तर केहि ठाउमा त्यसैले यो अब कार्यक्रमलाई रोकेर सबै ग्रामिण विद्युत प्राधिकरणलाई नेपाल विद्युत प्राधिकरणको दायरामा ल्याएर जनतालाई सर्वसुलभ रुपमा बत्ती बाल्ने र त्यो दिनुपर्छ भन्ने कुरा म यहानिर राख्न खोजेको कुरा मात्र हो । बाँकी क्षेत्रविकास खेलकुदको कुराहरु जोडिएको छ । अब यो प्रदेश गौरवको सडक अर्न्तगत यहानिर यो पनि कुरा जोडियो माननीय सभामुख महोदय, टाईम पनि सकिएको छ । विशेष गरेर हामीले विगत लामो समय यो देशको समग्र आन्दोलनको लागि जति पनि मान्छेहरुले यहा रगत बलिदानी दिएका छन् । कतिपय सडकमा विगत ईतिहास जोडेर विशेष गरेर सहिदको नामबाट सडकहरुको नामाकरण गरिनु पर्दछ भन्ने कुरा म यहा राख्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय लाल बहादुर खड्का :-** माननीय सभामुखज्यू, सरकारको तर्फबाट प्रस्तुत नीति तथा कार्यक्रम अत्यन्त सबै क्षेत्रलाई समेटेर अत्यन्त राम्रो सँग आएको छ । म त्यसका लागि धन्यवाद पनि दिन चाहान्छु र यसको पूर्ण समर्थन पनि गर्न चाहान्छु । नीति कार्यक्रममा विगतमा लाग्दै गरेको पहिलो नीति कार्यक्रम दोस्रो नीति कार्यक्रम आउने बजेट आउने कार्यान्वयन नहुने जुन खालको

समस्या थियो यो नीति कार्यक्रममा सरकारको अहिले सम्मको कामको पनि समिक्षा भा छ । अत्यन्त प्रतिकुलताका बावजुत हामी सँग हाम्रो व्यवस्थापकिय पक्ष थिएन, कर्मचारी थिएन, समायोजनको चपेटा पनि थियो त्यसका बावजुत सरकारले पछिल्लो बेला जुन विकास निर्माणमा एउटा गति लिएको छ । त्यसले स्वभाविक रुपमा प्रदेशको भूमिका चाहिने स्थापित भएको छ । अहिले प्रदेशलाई माथिकाले पनि माया नगर्ने तलका सरकारले पनि अलि अप्ठ्यारो अपठ्यारो गरिरहेको बेला प्रदेशको बजेटै चाइने हावादारी हुन्छ भनिरहेका बेला प्रदेशको बजेट परिचालन भएको छ । भले त्यसमा कमी कमजोरी होलान त्रुटि होलान त्यसलाई सच्याएर जाउला तर पनि यो समिक्षाले पनि हामी अब प्रदेशलाई स्थापित गर्ने काममा लागेको मैले महसुस गरेको छु र म यहि रोष्टमबाट पनि धन्यवाद दिन चाहान्छु सरकारलाई कि कंचनपुर जिल्लामा हामीले लामो समय देखि उठान गरेको क्षेला औद्योगिक क्षेत्रलाई अहिले संघीय सरकारले बजेटमा समावेश गरेको छ र त्यसलाई अगाडि बढाएको छ । त्यसका लागि सहयोग गर्नुहुने सभामुखज्यू, मुख्यमन्त्री लगायत सबै सरकार र माननीयज्यूलाई म त्यहाको जनप्रतिनिधीको हैसियतले धन्यवाद दिन चाहान्छु र यो जुन क्षेला औद्योगिक क्षेत्र छ त्यलाई अब प्रदेशले अपनत्व लिनुपर्छ यो पनि संघीय सरकारको औद्योगिक क्षेत्र होईन । अब सुदूरपश्चिम प्रदेशका रुपमा अब यसलाई अगाडि बढाउनका लागि पनि सरकारको बजेटमा समाहित होस मैले त नीति कार्यक्रममा पनि आवस यो दुईवटा महत्वपूर्ण कुरा अत्तरिया औद्योगिक  करिडोर र क्षेला औद्योगिक क्षेत्रलाई समाहित हुन्छ भन्ने लाग्या थियो यदा कदा छुटेको हुन सक्छ त्यसो हुनाले त्यो नीति कार्यक्रममा समावेशका लागि पनि म अनुरोध गर्न चाहान्छु । बजेट नीति तथा कार्यक्रम अत्यन्त राम्रो हुदा हुदै पनि यसमा केहि कुराहरु अझ थप गर्न सके अझ व्यवस्थित हुन्थ्यो कि भन्ने मलाई लागेको छ । राजधानीका विषयमा राजधानीको गुरुयोजना पनि अध्ययन गर्ने कुरा र जग्गा प्राप्तीको कुरा नीति कार्यक्रममा समावेश भएको छ । अब यसैलाई मात्र हामीले सन्तुष्ट हुने बेला होईन हाम्रा तीन वटा बजेट यो तेस्रो बजेट आउँदै छ त्यसो हुनाले अब यसलाई फास्टट्राकमा हालेर राजधानीको भौतिक संरचनाको कामलाई पनि अगाडि बढाउने कुरा हामीले बजेटमा समाहित गर्नु पर्छ र अगाडि बढाउनुपर्छ । हामीले पछिल्लो ५ बर्ष पछाडिको नया आउने सरकारलाई, नयाँ आउने सदनलाई राजधानी बनाएर दिनुपर्छ । हस्तान्तरण गर्ने त्यो लक्ष्यका साथ अगाडि बढ्नुपर्छ त्यस कारण म त्यसमा ध्यान जावस भन्ने अनुरोध गर्न चाहान्छु । त्यस्तै जलस्रोतका विषयमा कुरा त उठ्याछन् तै पनि यसलाई अझ व्यवस्थित गर्न जलस्रोत बोर्ड नै बनाएर सरकारले सम्पूर्ण सुदूरपश्चिम बासिको योजना हुनेगरि त्यहा सरकारको लगानी मात्र होईन यहाको नीजि क्षेत्र यहाको हरेक नागरिकको पनि लगानीमा एउटा योजना त्यो गौरवको योजना सुदूरपश्चिमको गौरवको योजनाका रुपमा अगाडि सार्न सक्या भए नीति कार्यक्रममा अगाडि आउन सक्या भए स्वभाविक रुपमा जे बजेटबाट जे नीति कार्यक्रमबाट मान्छेले अपेक्षा गर्याछन् त्यसलाई अझ थप उत्साह हुन्थ्यो यो कुरा अलिकति समाहित हुन सकेनकी भन्ने मलाई लाग्या छ । त्यस्तै हामीले व्यवसायिक विश्वविद्यालयका कुराहरु उठाएका छौ । विश्वविद्यालयले सीप सिकाउँछ त्यहिको पाठ्यक्रम व्यवस्थापन गर्छ । तर नीतिगत कुरा विश्वविद्यालयले गर्न सक्दैन त्यो अलि लामो प्रोसेस पनि हो । त्यसो हुनाले व्यवसायिक शिक्षा परिषद वा के हो चाहि मतलब गठन गरेर बजारको माग र आपूर्तिलाई व्यवस्थित गर्न र जे खालका समस्या छन् त्यसलाई हल गर्ने गरिकन हामीले जानसक्नुपर्छ हामी युवा स्वरोजगारका कुरा गरिरहेका छौ । यहाको औद्योगिक क्षेत्रलाई विकास गर्ने कुरा गरिराखेका छौ । पर्यटनका क्षेत्रलाई विकास गर्ने कुरा गरिराखेका छौ भने यो तामतम्य मिलाउनका लागि पनि एउटा व्यवसायिक शिक्षा परिषद वा के नाम दिन सकिन्छ त्यसलाई पनि हामीले बजेटमा समावेश गरेर अगाडि लैजान सके अझ व्यवस्थित हुन्थ्यो भन्ने मलाई लागेको छ । हामीले नीति कार्यक्रममा मुक्तकमैया, हलिया, सुकम्बासि लगायत पछाडि परेका क्षेत्र र बर्गका कुरा उठायौ तर धेरै दिन देखि म यो सदन म यहा प्रदेश गरेको दिन देखि बोल्दै

आएको आरक्षबाट पिडित भएका मान्छेहरु फेरी पनि हाम्रो उसमा समावेश भएनन त्यो भएको हुनाले संघीय सरकार सँग समन्वय गरेर आरक्षपिडितको व्यवस्थापन गर्ने कुरा पनि उठाउनुपर्यो यो त यो विशिष्ट खालको सुदूरपश्चिमको र कंचनपुरको समस्या हो । यो अत्यन्त विकराल छ । २४७३ परिवारहरु अहिले पनि १४ वटा शिविरमा बसिराखेका छन् । तीनको अवस्था अत्यन्त दयनिय छ । त्यो आरक्ष राष्ट्रिय निकुञ्ज संघीय सरकारको मातहतमा पर्यो भन्दैमा त्यहा भएका जनताहरु त्योबाट पिडा भोगेका जनताहरुलाई हामीले हेर्नै हुदैन भन्ने छैन त्यसलाई समेट्नका लागि मैले अनुरोध गरे । र यो भूउपयोग नीति तयार गर्ने भन्ने विषय छ । संघीय सरकारले पनि अहिले अव्यवस्थित बसोबास र भूउपयोग सम्बन्धी एउटा कानून बनाइरहेको छ । त्यो कानून छलफलमा छ तर पनि संघीय सरकार काठमाण्डौले बनाउने कानूनलाई छुदैन त्यसैका कारण यो संघीयता आएको हो त्यसैका कारण हामीले तल अधिकार दिने कुरा गरेका हौ तर पनि अहिले जुन खालको ड्राफ्ट चाहि मतलब आएको छ त्यसले स्वभाविक रुपमा कैलाली, कंचनपुर र डडेल्धुरा लगायतका जिल्लाहरुमा जे खालको अव्यवस्थित बसोबासको समस्या छ मान्छे लामो समय देखि बस्दै आएका छन् । विभिन्न ढंगले पिल्सीएका छन् । उनिहरुले २-३ पुस्ता त्यहि बिताइसके अहिले सम्म आफ्नो जग्गाको मालिक हक अहिले सम्म पाएका छैनन । तर अहिलेको कानूनी व्यवस्था फेरी चाहि मतलब उसको अनुकुलतामा छैन त्यसो हुनाले अब प्रदेशले एउटा अधिकार सम्पन्न यो समिति बनाएर केन्द्रिय सरकारलाई पनि यो अनुरुप जाउ भन्ने खालको वय देखाउने गरि हामीले जान जरुरी छ । त्यसका लागि पनि मैले नीति कार्यक्रममा समावेशहोस भन्ने अनुरोध गर्न चाहान्छु । सु.प. विश्वविद्यालय केन्द्रीय सरकार सँग संघीय सरकारसँग सु.प. विश्वविद्यालयका विषयमा हामीले यहा नीति कार्यक्रममा ल्यायौ त्यो अत्यन्तै स्वागतयोग्य कुरा छ त्यो सँगै मेडिकल कलेज जो बन्दैछ त्यसलाई पनि केन्द्रिय सरकार सँग संघीय सरकार सँग समन्वय गर्ने गरि अगाडि बढ्ने कुरा यहा आवस भन्ने म अनुरोध गर्न चाहान्छु र जसरी हिजोका दिनमा औद्योगिक क्षेत्रका विषयमा हामी स्पष्ट नहुदा नहुदै पनि छेला औद्योगिक क्षेत्रलाई हामीले त्यहाको पहुचमार्ग, त्यहाको प्रवर्द्धन देखि लिएर धेरै कुरामा बजेट विनियोजन पनि गर्यौ र त्यसलाई अगाडि पनि बढायौ अहिले केन्द्रिय सरकारले पनि सुन्यो त्यसै गरि सुख्खा बन्दरगाहाको कुरा अघि यहा उठि सक्या छ सुख्खा बन्दरगाहाको विषय त्यहाको एयरपोर्टको विषय र खास गरिकन बेलौरी नाका जो कंचनपुरका लागि अत्यन्त आवश्यक पनि छ त्यो विषय पनि यसमा समेट्नका लागि म अनुरोध गर्न चाहान्छु । र सँगसँगै हामी कृषिलाई व्यवसायिकरण गर्न खोजिरहेका छौ र त्यहि खालको नीति कार्यक्रम हाम्रो अगाडि बढीरहेको छ । त्यो अत्यन्त राम्रो कार्यक्रम छ । तर त्यसलाई पनि अझ बल पुर्याउनका लागि जुन भारतको बजारबाट यहा डम्पीङसाईड भएको छ यहा आयातित भैरहेको छ त्यो पनि अत्यन्त बढी विषादी पर्योग गरेको तरकारीहरु जो भारतकै केहि शहरहरुले त्यसलाई प्रतिबन्द लगाएका छन् त्यहा जानै पाउँदैन त्यस्ता तरकारीहरु त्यो चिजहरु यहा आइरहेका छन् र त्यो यहाको किसानहरुलाई निरुत्साहित गरिरहेका छन् त्यसो भएको हुनाले हाम्रो यो कृषि व्यवसायलाई व्यवसायिकरण गर्न यहा हामीलाई आत्मनिर्भर बनाउनका लागि पनि हाम्रो उत्पादन सँग जोडिएका त्यहाका चिजहरुलाई निरुत्साहित कसरी गर्ने भन्ने कुरा पनि हामीले अझ बजेट र कार्यक्रममा लैजान सके अझ राम्रो हुन्थ्यो भन्ने विषय म यहा राख्दै म यो नीति कार्यक्रम विगतको तुलनामा विगतमा हामीलाई पनि कहिले काहि आरोप लाग्थ्यो सत्तापक्षकै सांसदहरु पनि सत्तापक्षको रुपमा उभिन्छन प्रतिपक्ष त बोल्नै प्रर्दैन भन्ने थियो तर यसपालि ती सबै हिजोका सुझावहरुलाई, सबैका भावनाहरुलाई समेटेर आएको छ । म त्यसका लागि धन्यवाद पनि दिन चाहान्छु । पूर्ण समर्थन पनि व्यक्ति गर्दै आफ्नो भनाईहरु यहि टुङ्ग्याउछु हवस त धन्यवाद ।

**माननीय मान बहादुर धामी :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारको तेस्रो नीति तथा तेस्रो बजेटको लागि यो दोस्रो नीति तथा कार्यक्रमको छलफलमा यहा उपस्थित छौ ।

सुदूरपश्चिम प्रदेश सरकार र सुदूरपश्चिम प्रदेश प्रमुखलाई हाम्रो यो गरिमामय सदनले हार्दिक धन्यवाद व्यक्त गरिसकेको छ सभामुख महोदय र म सुदूरपश्चिम प्रदेश सरकारलाई विशेष धन्यवाद दिन चाहान्छु । यो नीति तथा कार्यक्रमको लागि र पूर्ण रुपमा समर्थन गर्न चाहान्छु । माननीय सभामुख महोदय, हामीले विगतमा जसरी नीति कार्यक्रम २०७५।०७६ लाई लक्ष्य गरेर सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको थियो र अहिले आएर २०७६।०७७ लाई परिलक्षित गरेर सुदूरपश्चिम प्रदेश सरकारले जुन बजेटको लागि नीति तथा कार्यक्रम ल्याएको छ । यो नीति तथा कार्यक्रम अत्यन्त सम्वेदनशिल, अत्यन्त गम्भिरतापूर्वक र बस्तुपरक ढंगले ल्याईएको कुरा सभामुख महोदय मार्फत यो सदनलाई अवगत गराउन चाहान्छु । र प्रदेश सरकार जसले यो सुदूरपश्चिम प्रदेशको परिलक्षित बर्ग, परिलक्षित समुदाय र सबै वर्गलाई समेट्ने गरेर यो बजेटको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । त्यसको लागि खास गरेर नीति तथा कार्यक्रम विगत सरकारहरुले र अहिलेको सरकारले दुईवटा कार्यक्रमहरुलाई चाहि यहा अथ्याईएको छ । एउटा विगतको सरकारको समिक्षा र सँगसँगै आउदो नीति तथा कार्यक्रम खास गरेर म सरकारको समिक्षाको पाटोलाई धेरै जान चाहादैन किन भने समय एकदमै छोटो छ । खास गरेर नीति तथा कार्यक्रम जो आएको छ । यसले आगामि बजेटको केहि दिन भित्र प्रस्तुत हुने बजेटको एउटा जगको चाहि थालनी गरेको छ । यो बजेट यो नीति तथा कार्यक्रमले २०७६।०७७ को बजेटको लागि मार्ग प्रसस्त गरेको मलाई अनुभुति भएको छ । त्यस कारण जसरी अर्थ तथा वृत्तको क्षेत्रमा एउटा चाहि छलाङ हान्न खोजिएको छ । त्यसै गरि भौतिक निर्माणको सन्दर्भमा यो नीति तथा कार्यक्रमले थुप्रै विषयबस्तुहरु चाहि समेटेको छ । सामाजिक विकासको सन्दर्भमा, हाम्र् शैक्षिक गतिविधिहरुको सन्दर्भमा यो बजेटले महत्वपूर्ण यो नीति तथा कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको छ । त्यति मात्र होईन जुन नेपाल सरकारको लक्ष्य थियो सुखि नेपाली समृद्ध नेपालको एउटा महान अभियान छ । यो कृषि कार्यक्रमले स्वभाविक रुपमा नमुना कृषि गाउँ आफै बनाऔं भन्ने जुन मुख्यमन्त्री कार्यक्रम छ । यसलाई हामीले साच्चिकै रुपमा दिगो ढंगले कार्यान्वयन गर्न सक्ने हो भने हामीले हाम्रो जुन किसानहरुलाई लक्षित गरेका छौ । जुन नेपाल सरकारको लक्ष्य छ यो लक्ष्य स्वभाविक रुपमा हामी हाम्रो समय सीमा नै भित्र पुरा हुने कुरामा म विश्वस्थ छु । माननीय सभामुख महोदय, त्यतिमात्र होईन औद्योगिक क्षेत्रमा अझै फट्को मार्ने जुन लक्ष्य राखेको छ केन्द्रीय सरकारले सुदूरपश्चिम प्रदेशको छेलालाई एउटा दैजी क्षेत्रलाई एउटा महत्वपूर्ण औद्योगिक क्षेत्र घोषणा गरेको छ । अब यसले यसलाई टार्जित गरेर हामी बजेट विनियोजन कसरी गर्छौ भन्ने कुरामा बढी भर पर्ने गर्दछ । त्यस कारण म खास गरेर माननीय सभामुख महोदय, मार्फत हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । औद्योगिक क्षेत्र व्यवस्थापन सम्बन्धी विधेयक हाम्रो सदनबाट चाहि समितिमा पनि छलफलको लागि दफावार छलफलको लागि त्यहा पुगेको छ । खास गरेर हामीले हाम्रो प्रदेशमा बाह्य लगानी भित्राउनको लागि हामीले कस्तो खालको सेकृफाई गर्न सक्छौ हामीले करमा कसरी व्यवस्थापन गर्न सक्छौ, हामीले विद्युतिय ट्याक्समा चाहि कसरी व्यवस्थापन गर्न सक्छौ र हामीले थप चाहि बाहिरबाट आउने जुन उद्योग, उद्योगिहरु, पुजीपतिहरु, राष्ट्रिय पुजीपतिहरु छन् उनिहरुलाई यो प्रदेश भित्रको चाहि दक्ष जनशक्तिलाई चाहि प्रयोग गर्ने सन्दर्भमा हामीले कसरी प्रयोग गर्न सक्छौ भन्ने कुरामा चाहि गम्भिरतापूर्वक ध्यान दिएर लाग्न आवश्यक छ भन्ने म माननीय सभामुख महोदय मार्फत सुदूरपश्चिम प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । खास गरेर अब यो नीति तथा कार्यक्रमले आउदो बजेट अब कसरी हामीले बनाउदै छौ भन्ने एउटा मार्गप्रसस्त गरेको छ तर कतिपय हाम्रा विगतका स्मरणहरु छन् । हामीसँग कैयु जटिलताहरु समस्याहरुको बीचबाट पनि हामीले बजेटको कार्यान्वयनको प्रक्रियामा हामी पुगेका छौ । यद्यपी थुप्रै प्रतिक्रियाहरु, त्रियाहरु आएका छन् । १०-१५ किलोमिटर सडकका कुराहरु आएकाछन् । २०-४० किलोमिटर सडकका कुराहरु आएका छन् । प्रतिफल हामीले अझै पनि प्रतिफल आउन बाँकी छ । हामी एक महिनाको दौरान अझ पनि

बाँकी छ । यो बीचमा हाम्रो थुप्रै प्रतिफल आउनेवाला छ । किन भन्दाखेरि हामीले कार्यान्वयन गर्दा खेरि चाहि कैयु हाम्रा प्रदेशका अवयभहरु, कैयु अफिसहरु हामी खडा गर्न सकिराखेका थिएनौ यो हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको एउटा बाध्यता थियो तर हामी लक्ष्य अनुसार पुग्छौ भन्नेमा म विश्वस्त छु त्यस अनुसार माननीय सभामुख महोदय अब प्रदेश सरकारले वितरणमुखि बजेट भन्दा पनि उत्पादनमुखि बजेटलाई कसरी विनियोज गर्न सक्छौ भन्ने यसमा प्रसस्त आधारहरु छन् । त्यस कारण म अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय मार्फत सुदूरपश्चिम प्रदेश सरकारले जसरी अब उत्पादनमा जोड दिने सन्दर्भमा खास गरेर हाम्रो यहाको कृषिलाई एउटा खालको चाहि यो नीति तथा कार्यक्रमले समेटेको छ भने अब खास गरेर हाम्रो चाहि आय आर्जनको उत्पादनको मुल स्रोत भनेको जलस्रोत हो । सिंचाई र जलविद्युत खास गरेर हाईड्रोमा जसरी सुदूरपश्चिम प्रदेश सरकारको एउटा क्षमता भित्रको केन्द्र सरकारले चाहि हामीलाई प्रदेश सरकार र स्थानीय तहको चाहि जो कामको वर्गिकरण गरेको छ । यो परिधिभित्र रहेर खास गरेर डिपिआर सबै प्रक्रियामा टुंगिएको चमेलियाबाट २० मेघावाटको जुन एउटा प्रक्रिया छ यसलाई यो आउदो बजेट मार्फत चाडो भन्दा चाडो टोटलमा आउने ४ अर्बको यो प्रोजेक्ट हुन आउछ त्यस कारण प्रदेश सरकारको क्षमता भित्रको प्रोजेक्ट हो यसलाई प्रदेश गौरव आयोजनाको रुपमा ग्रहण गरेर हामी अगाडि बढाउन सक्यौ भने हामी ४ बर्ष पछि प्रत्येक दिन सुदूरपश्चिम प्रदेश सरकारको ईनकम २५ देखि ३० लाख रुपैया हुने अनुमान हामीले गरि राखेका छौ त्यस कारण हामी उत्पादनतिर बढी जोड दिने कुरा र औद्योगिक क्षेत्रलाई बढी जोड दियौ भने निश्चित रुपमा पनि जुन संघीय सरकारको र नेपाल सरकारको सुखि नेपाली समृद्ध नेपालको यो एउटा अभियान छ त्यो अभियानको परिलक्षितमा चाहि हामी पुग्न सक्छौ भन्ने कुराहरु राख्दै पुनः सुदूरपश्चिच प्रदेश सरकारलाई माननीय सभामुखज्यू मार्फत जुन एउटा अत्यन्तै दुर्गामि महत्वको नीति तथा कार्यक्रम आएको छ । यो अनुसार प्रदेश सरकारले बजेट समकेन्द्रीत गरोस भन्ने कुराहरु राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय रतन बहादुर थापा :-** माननीय सभामुख महोदयज्यू बास्तवमा यो जुन चाहि नीति तथा कार्यक्रम आएको छ । यो लाई चाहि हामीले स्वागतयोग्य र धन्यवाद दिनु नै पर्नेछ । धेरै समय लगाएर अथवा समयमा आएको छ सबै कुरा ठिक छ । तर कुनै पनि नीति कार्यक्रम केहि कार्यक्रम व्यवस्थापन गर्दा खेरि त्यसका केहि व्यागराउण्डहरु हुन्छन । जस्तै उदाहरणको लागि हाम्रो देशको विकास गर्नको लागि के चिजले हाम्रो देशको विकास हुन्छ । अथवा हाम्रो देशको के के समस्याहरु छन् । यिनि कुराहरु सबै कुराहरु पत्ता लगाएर नै आएको होला अब २११ वटा बुदाहरु छन् त्यसमा कतिपय कामहरु गरेको कुराहरु छ र कतिपय चाहि भविष्यमा गर्ने यो बर्षमा गर्ने कुराहरु छ र चाहि उपयुक्त नै छ त्यसको बारेमा धेरै माननीयज्यूहरुले व्याख्या गरिसक्नु भएकोले बुदागत चाहि म व्याख्या गर्न चाहान्न तर पनि हाम्रो अहिले संसारका धेरै देशहरुको डेपलपमेन्ट विकास हेर्दाखेरि पर्यटन नै ठुलो रहेछ र नेपाल यस्तो देश हो जहा पर्यटनको धेरै सम्भावना छ । हाम्रो दुईवटा छिमेकि देशहरु करोडौको जनसंख्या भएका देशहरु हुन तिनिहरुलाई यहा ल्याउनको लागि मात्र हामीले एउटा सोच बनाई दियौ भने यो देश बनाउनलाई धेरै गारो छैन । त्यस कारण हामीले पर्यटनको कुरामा लिदा खेरि चाहि यो केवुलकार चाहि पुगाएर खप्तडलाई एउटा मात्र प्रदेशको गौरवको चाहि वानलि वान नम्बर वान भनौ योजनाहरु रोजेर त्यस्तो खालको कुराहरु गरिदियो भने राम्रो छ । अर्को हाम्रो के छ भने शक्ति छ मानव शक्ति जुनचाहि एउटा लेबर श्रमिकहरु छन् हाम्रो देशमा छैनन काम गर्न चाहान्न उदाहरणको लागि हामी सँग धान रोप्ने आधुनिक त गर्छौ तर हातले धान रोपेर हुदैन अबको जमानामा त्यस कारण मजदुरहरुलाई हामीले माक्सवादको ईकोनोमि अर्थशास्त्र पढ्दाखेरि के भन्या छ भने यसमा हामीले के पढेका छौ भनेपछि अतिरिक्त मुल्यको सिद्धान्त त्यो नै एउटा कडि हो अतिरिक्त मुल्यको सिद्धान्तमा हामी के पढ्छौ भने मजदुरहरुको त्यहा चाहि शोषण भएर मात्र क्यापलिजम अथवा

पुजीवादी व्यवस्थामा शोषण भएको छ भने हामीले मजदुरहरुलाई एड्रेस गर्ने कुराहरुमा के छ भने अब घण्टामा हामी लिनुपर्छ । सिद्धान्तमा के भने ८ घन्टा नभएर १ घण्टाको कति दिने त कि १२५ रुपैया घण्टा अथवा स्कील लेवरलाई चाहि १७५ रुपैया घण्टा गरिदियो भनेपछि मान्छेहरु ईण्डियामा जान सक्दैनन । महिनामा ३० हजार पनि कमाउन सक्छ काम गर्ने मान्छेले र अल्छी छ भनेपछि ४-५ सय पनि कमाउन सक्छ । अब यहा महिलाहरुको र पुरुषको रोजगारी बराबरी हुनुपर्छ भन्ने कुराहरु छ तर चाहि व्यवहारमा छैन । किन भने काम गर्न सक्दैनन जति त्यस कारण चाहि थोरै घण्टा काम गरेर पनि गर्न सकिन्छ । र मजदुरहरुलाई अथवा मान्छेहरुलाई नेपालमा राख्नको लागि एउटा यो उपयुक्त छ । अर्को कुरा के छ भने तालिमको नाममा तालिम यहा भैरहेको छ । तालिम चाहि विशेष यो मैले पहिले पनि कुरा उठाथे कमसेकम एउटा क्षेत्र हामीले तोकौ आवश्यक तालिम गरौ ३ महिनाको, ४ महिनाको त्यहि बस्ने त्यहि खाने सकभर त तालिम गर्ने सँग ५० प्रतिशत लिनुपर्छ कि एकदम गरिबको लागि चाहि एकदम न्यून गरिबको लागि मात्र कोटा छुट्याएर राख्नुपर्छ । तालिमको लागि तालिम गरेर चाहि हाम्रो तालिमहरु देखे छैन । तालिम मेनपावर बनाउनलाई त तालिमहरुको व्यवस्था गर्नुपर्यो त्यस कारण यो गर्न जरुरी छ । अब अर्को कुरा के छ भने औद्योगिक क्षेत्र औद्योगिक क्षेत्रको कुराहरुमा हामीले यहा के आई रहेको छ भने औद्योगिक क्षेत्रहरुमा चाहि उद्योगहरु स्थापना हुदैन पूर्वतिर औद्योगिक क्षेत्रहरु भएको तर चाहि उद्योगहरु नभएको अवस्था छ । हामीले को कोले उद्योगहरु खोल्न चाहान्छन् त जस्तै लम्कीमा ४५० जना मान्छेहरुले पुरै प्रदेश भरीका डाटा लिदाखेरि हामी उद्योग खोल्छौ भनेर चाहि तयार भएको छ र त्यहा १६०० विगाहा जग्गा छ । अहिले ७०० विगाहा जग्गा त बाझो छ त्यसलाई त्यहा औद्योगिक क्षेत्र बनायो भने त्यहा रोजगारीको पनि कुरा हुने हो र हामीले चाहि यो औद्योगिक देश पनि अथवा प्रदेश पनि हामीले बनाउन सक्छौ । कुराले चाहि भएन ठाउँ पनि छ सबै कुराहरु छ यस्तो खालको कुराहरु छ । अब अर्को कुराहरु आज हाम्रा चाहि युवाहरु दुरवेशनिमा लाग्या छ उनिहरु काम पायाछैनन उनिहरु हरेक तपाईहरु कार्यक्रममा जानुस त्यहा चाहि उ आयो के रे गितका कुराहरु आयो भने सबै मान्छेहरु सुन्ने अनि भाषण गर्यो भने सबै जान्छन् । मतलब ईन्टरटेरमेन्टमा मान्छेहरु युवाहरु लागिरहेको छ । अहिलेको जेनेरेशन आनन्दको कुराहरुमा अगाडि बढीराछ । त्यस कारण उनिहरुलाई हामीले खेलको माध्यमबाट हामीले राख्यौ भने भलिबलमा फस्ट चाहि ५ जना होलान तर त्यो भलीबल खेल्ने त ५००० ले खेल्छन नि त्यस कारण एउटा एकेडेमीको कुराहरु आएको छ त्यस कारण त्यसलाई तोकिदियौ टिकापुरमा छ २०, २५ विगाहा छ अहिले गल्फको पनि नेपालमा १, २ ठाउँ बाहेक अन्यमा रहेनछ र ईण्डियामा गल्फ खेल्न नपाएर मान्छेहरु करोडौ रुपैया तिर्दा रहेछन् त्यस्तो खेल पनि हामी त्यहा राख्न सक्छौ । अब स्याना कुराहरुमा हामीले हाम्रो देशको अर्को यो चाहि फाइदा अब समस्याहरु के छ त भन्दाखेरि हाम्रो देशको सबभन्दा ठुलो समस्या भनेको रोड यो चाहि भ्रष्टाचारी रोग छ एउटा चाहि कल्भटको अध्यक्ष बनाइदियो भने त्यो कल्भर्टबाट पनि अलिकति एउटा कल्भटको अध्यक्षले पनि गर्छ त्यो भन्दा ठुला पदको कुरा नगरौ स्यानोको अध्यक्ष बनायो भने नि त्यसले पनि गडबड गर्छ । हाम्रो मेन्टालिटि नै चाहि अलिकति खाने यो सरकारी पैसा चाहि मेन्टालिटि छ । यसलाई हटाउनलाई हामीले चाहि धेरै कुराहरु सोच्नु परेछ । उदाहरणको लागि ट्राफिकलाई अब दिउस दिनभरी गर्मिमा बसिरा हुन्छन त्यो चिसोमा तिनिहरुलाई हामीले ट्राफिकलाई नराख्नको लागि हामी के गर्न सक्छौ भने कमसेकम कन्ट्रोल रुम बनाएर सि सि क्यामेरा लगाएर कहा एक्सीडेन्ट भैराछ कहा के भैराछ एउटा कन्ट्रोल रुम गर्न सकिन्छ । पोलिस उइदआउछ पुलिस भन्ने चाहि रहेछ त्यहा दुबईमा पुलिस छैन तर पुलिसले गर्ने काम सबै सिस्टमले गर्याछ भ्रष्टाचार भन्ने अब पढ्नुस विभिन्न देशहरुको अध्ययनहरु गर्दा खेरि २० बर्षमा पनि नेपालको संसारको टप देश भएको छ दुवई त्यो एउटा स्यानो स्टेट हो हाम्रो जस्तै एउटा प्रोभिन्स जस्तै हो त्यो तर बन्न सक्दो रहेछ नि त बनाएपछि तर दुनियाका मान्छेले कसरी बनाए त त्यसबाट पनि हामीले

सिक्दाखेरि यो हाम्रो चाहि यहाको रोग चाहि यो यसलाई अन्त गर्नै पर्छ माथि देखि तल सम्म यसलाई अब कसरी अन्त गर्न सकिन्छ त्यो चाहि नीतिमा आउनुपर्ने भो उदाहरणको लागि स्यानो कुरा गरौ हामी एउटा चाहि कर कार्यालयमा जान्छौ । त्यहा कर तिर्ने मान्छेहरुको भिडभाड हुन्छ त्यहा व्यवस्थापन छैन । बैंकमा जादा के हुन्छ टोकन दिएको हुन्छ ट्याक्क गयो टोकन निकाल्यो मान्छे कसिराहुन्छन् त्यति व्यवस्था त हामीले गर्न सक्छौ नि टोकनको व्यवस्था गरिदियौ जहा चाहि मालपोत कार्यालय छ । त्यस्तै खालको चाहि अब जहा करतिर्ने ठाउ छ त्यहा टोकनको व्यवस्था गरिदियौ र प्रतिक्षलय बनाइदियौ एउटा टिभि राखिदियौ ता कि हामीले सम्मान चाहि भएको छैन आज यहि ठाउमा चाहि १ जना व्यक्ति छ लम्की कै नियर एबाउट अरब कै उसले राजश्व तिर्या छ पोरसाल मैले सुन्या थिए ५८ करोडको राजश्व तिर्या छ । अहिले उ ५ नं. प्रदेशमा सर्दै छ । त्यस्ता मान्छेहरु छन् उसलाई हामीले भिआईपीको कार्ड दिए के घाटा पर्छ । जसले चाहि करोड, अरब राजश्व तिर्छ भने उसलाई हामीले एउटा माननीयले जस्तै एयरपोर्टमा जादा भिआईपी कार्डहरु उसको ठुला अरबपतिको पनि सम्मान छैन । यहा चाहि सम्मान पनि हामीले जनता हाम्रो उलाई गर्नुपर्ने हुन्छ त्यस कारण चाहि स्यानो टोकन सिस्टम गर्दा खेरि पनि मान्छे वयटिङ गरेर बस्छ र आफ्नो काम सकेर जान सक्छ । जिल्ला समन्वयलाई चाहि प्रभावकारी बनाउने भन्ने कुरा गर्या छ त्यसलाई बजेट पनि विनियोजन गर्नुपर्ने हुन्छ । महत्वकांक्षीका योजनाहरु चाहि हामीले बनाउनुपर्छ किन भने जीवनमा हामीले महत्वकांक्षी सपनाई नदेखेपछि हामी चाहि सफल हुदैनौ सपना देख्नुपर्छ तर सपनाको चाहि कत्तीको चाहि त्यसलाई कमिटमेन्ट त्यसलाई पुरा गर्न सक्छौ त्यो सपनाहरुलाई के गर्न सक्छौ भन्ने कुराहरु पनि म दिन चाहान्छु । जस्तै उदाहरणको लागि हामीले हलो सिएम, हलो यस्तै कुराहरु राख्यौ त्यसलाई हामीले कति चाहि व्यावहारिकमा ल्याउन सक्यौ त नल्याउन सक्ने कुराहरुलाई गर्न सकिदैन मैले सुन्नमा आउछ कि पिएले नै फोन उठाउदैन माननीयको भन्ने सुन्या छु । अब हलो भनेको जनताको कुरा हो त्यस्तै पपुलर्टिको लागि पपुलर्टि नभएर यथार्थमा हामी जानुपर्छ यो चाहि टिप्स मात्र दिएको कुरा हो यो अरु कुराहरु धेरै होलान । अब राहात के चाहि त राहत अन द स्पोर्ट राहात भनेको चाहि दुई बर्ष पछिको राहातले केहि काम गर्दैन अन द स्पोर्टमा हामीले दिन सक्छौ नि केहि एउटा बजेट छुट्याईदियौ अन द स्पोर्टमा हामी घटना घट्या छ । कसैको छानो गैराछ भने भोलीपल्ट छानो हालिदिने कोहिले चाहि चाउ चाउ खाने अवस्था होला भोकै रहेको अवस्था होला अन द स्पोर्टमा चाहि एउटा कार्यक्रम हामीले ल्याउनुपर्ने हुन्छ । अब यो टिसिएनको कुराहरु आएको छ देशमा यो काठमाहरुमा हामीले काटि देखि लिएर ठुला ठुला उद्योगहरु फर्निचर उद्योगहरु हामीले स्थापना गर्न सक्छौ र एउटा संस्थान बनाएर प्रदेशस्तरको संस्थान बनाएर यसलाई चाहि धेरै ठुलो हामीले रोजगारी दिन पनि सक्छौ र यो काम हामीले व्यवस्थापन गर्न सक्छौ । पोलिटिकल यो पोलोटेक्नीक्स जुन कुरा यहा राखिएको छ । अध्ययन गर्ने भन्ने अध्ययन गर्नु पर्ने टिकापुरमा यस्तो राम्रो छ त्यसलाई अलिकति प्रसा र व्यवस्थापन दियो भने धेरै राम्रो हुनेवालो छ । जडिबुटिको हामीले उद्योगहरु प्रसस्त उद्योगहरु गर्नुपर्ने छ जडिबुटि जान्छ एउटा रामदेवका बाबाले पुरा ईण्डिया चलाएको अवस्था छ । चाईनाको अहिले ६० प्रशेन्ट ५० देखि ६० प्रशेन्ट मार्केट संसारभरी छ । स्याउको नं.१ चाहि स्पटहरु चाहि चाईना हो ६० प्रशेन्ट सेकेन्ट देश भनेको चाहि अमेरिका हो २ प्रशेन्ट फस्ट र सेकेन्डको ज्ञाप गर्नुस त हिजोको दिनमा थिएन तर हामी सँग त चाईनामा फल्छ भने हाम्रोमा पनि स्याउ फल्छ नि सुन्तला त फल्छ नि किन यसबाट हामीले शिक्षा नलिने त्यस कारण हामीसँग काठ छ भने काठको किन संस्था हामीले खोलेर चाहि अगाडि बढ्न नसक्ने हामीले के गर्नुपर्यो एक्ट्रा अडिनरी कामहरु गर्नुपर्यो जस्तै व्यक्तिको जीवनमा पनि केहि एक्ट्र अडिनरी एक्साईज खालका कामहरु यसमा गर्नुपर्ने देखिन्छ । कृषिमा अब कान्तिका कुराहरु त धेरै आई सकेका छन् । कृषिका कुरा छन् अब हाम्रो यो प्रदेशका मार्गहरु प्रदेशका मार्गहरु के हुन त प्रदेशका हाईवे कहा छन् त हिजोको उसमा आएको थियो यो भन्दा

पहिलाको उसमा चिसापानि देखि अगाडि बढ्ने नौ वटा जिल्लाहरु जोड्ने त्यस्ता अरु अरु ठाउमा पनि छ त्यस्तो चाहि हाम्रो पानिको यात्रामा चाहि के छ भने बाटोहरु चाहि हामीले पटक पटक बनाउनु पर्छ रिपियर गर्नुपर्छ । नदी चाहि कहिल्यै रिपियर गर्नुपर्दैन किन भने पानि त हिडिराख्छ खाली गाडि मात्र रिपियर गर्नुपर्छ मोटरहरु रिपियर गर्नुपर्छ तर बाटो कहिल्यै रिपियर गर्नु पर्दैन बाटो भन्दा धेरै सस्तो चाहि पानिको यात्रा पर्छ त्यस कारण हामीले पानिमा हुने यात्राहरु किन नगर्नु कर्णालीमा छ पानिमा स्पोर्टहरु किन नगर्ने त्यस कारण यि जम्मै कुराहरु यसमा थप्नुपर्छ मैले चाहि यसमा धेरै राम्रो कुराहरु छन् धन्यवाद दिनुपर्ने छ सरकारलाई धेरै कुराहरु छन् । तर पनि अलिकति हाम्रो यो सुझाव चाहि दिनै पर्ने हुन्छ राम्रोमा राम्रै मात्रै भन्दीराखो भने अब गजबैको छ कि क्याहो अब राम्रोमा अलिकति थप गरिदिएको त्यसमा कुनै चाहि कृसाई नभएर सजेशन हामीले दिनुपर्ने हाम्रो पनि भुमिका नै त्यहि हो किन भने हामी यहा आएर दिनुपर्ने सरकारका नीति कार्यक्रम लेखिई सकेका छन् बजेटमा एड्रेस होला त्यो छुट्टै कुरा हो यो हामीले पासै गर्नुपर्ने छ । ठिकै नै छ र बजेटहरुमा पनि आउला तर पनि यसलाई चाहि सजेसनको रुपमा र एउटा उसको रुपमा लिनुहुनेछ भन्ने कुरा राख्दै मेरो भनाई यहि समाप्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय शुशिला बुढाथोकी :-** माननीय सभामुख महोदय, चौथो अधिवेशनको तेस्रो नीति तथा कार्यक्रममा छलफलमा छौ माननीय सभामुख महोदय, नीति तथा कार्यक्रम सरसरती अध्ययन गर्दा प्रदेश सरकारले जुन परिकल्पना गरेको सुखी नेपाली समृद्ध नेपाल भन्ने कुरामा यो नीति तथा कार्यक्रममा मैले भेटेको छु । सभामुख महोदय नीति तथा कार्यक्रम आफैमा धेरै राम्रा कुराहरु समेटिएको छ । नीति तथा कार्यक्रममा सम्पूर्ण युवा, महिलाका कुराहरु, उद्योगका कुराहरु, पर्यटनका कुराहरु देखि कृषि, स्वास्थ्य, शिक्षाका कुराहरु समेटिएको छ । यसमा यो नीति तथा कार्यक्रम राम्रो छ र यसमा मेरो समर्थन मेरो पनि छ । यो नीति तथा कार्यक्रम सरकारले धेरै मेहनतका साथ ल्याउनु भएको छ र म यस सरकार सरकारका अर्थमन्त्रीज्यूलाई धेरै धेरै म धन्यवाद पनि दिन चाहान्छु र मैले केहि कुराहरु मैले यसमा थप गर्न चाहान्छु । जुन कि एउटा महिलाहरु एकल महिलाहरु हुन्छन् र त्यसै खालका महिलाहरु श्रीमान पिडित भएका महिलाहरु र उमेर धेरै ढल्की सकेर पनि विवाह नगरेर बसेका महिलाहरु यो नीति तथा कार्यक्रममा केहि व्यवस्था गरिएको भने उहाहरुलाई पनि केहि सहज हुनेछ भन्ने मैले अनुरोध गर्न थाले महिला स्वास्थ्य स्वयम सेविकाको मैले सबै यहा नीति तथा कार्यक्रमहरुमा यसो हेर्दा खेरि अरु सबै कुराहरु राम्रो लेखिएका थिए आउने बजेटहरुमा महिला स्वास्थ्य स्वयम सेविका जस्तै, बाल शिक्षकका कुराहरु आएको छ र महिला स्वास्थ्य स्वयमसेविका पनि उहाहरुले निस्वार्थ भावनाले कार्यक्रम गरेको हुदा उहाहरुलाई चाहि प्रोत्साहन केन्द्रले पनि गरिसकेको छ र प्रदेशले पनि गर्नुहुनेछ भन्ने कुरा मैले राख्न चाहे र क्याम्पसलाई धेरै क्याम्पसहरु चाहि अनुदान भनेर विगतका कालमा पनि मन्त्रालयहरुमा धेरै धाएका थिए र क्याम्पसहरुमा भौतिक पूर्वाधार भन्दा चाहि अनुदानको कुरा भैदिए हुन्थ्यो भन्ने कुराहरु यो नीति तथा कार्यक्रममा नै राखिदिएको भए यसले गर्दा खेरि सहज बाताबरण हुन्थ्योहोला जस्तो लागेको छ । जहा जहा छोटि भन्सार छन विस्तापित भएका थिए र त्यहा स्वास्थ्यको दृष्टिकोणले त्यहाको छोटी भन्सारहरु चाहि स्थापीत भइ यहि नीतिमा चाहि स्थापीत गराउन सकियो भने स्वास्थ्यको दृष्टिकोणले र यो कर छलीको समस्यामा पनि यो प्रदेशमा राम्रो हुन्थ्यो भन्ने कुरा राख्न चाहान्छु र कृषि समृद्ध गर्नको निमित्त हामीले पहिलो कुरा चाहि सिंचाईमा नै ध्यान दिनुपर्छ होला र नीति कार्यक्रममा कुराहरु आई सकेको छ । बजेटमा पनि किसानहरुलाई पहिलो प्राथमिकता चाहि सिंचाईको होस भन्ने कुराहरु म यहा राख्न चाहान्छु र कृषि उपकरणहरु जस्तै कि अहिले मान्छेहरु कृषि गर्नलाई अहिले कृषिमा धेरै कुराहरु राम्रा राम्रा कुराहरु आई सकेको छ । अब यो बजेटमा पनि कस्ता खालका कुराहरु आवस भन्ने कुरा अब मानिसहरुले कृषि गर्दा खेरि श्रम गर्ने मान्छेहरु नभेटिएको कारणले यो तराईको क्षेत्रमा धान, मकैहरु लगाउते जस्तो

चाहि यो धान रोप्ने कुराहरु पनि त्यस्ता मान्छेहरु नभेटिदा खेरि त्यस्तो औजारहरुको व्यवस्थापन कृषिले गरिदिए यो बजेटमा आईदियो भने अझ राम्रो हुन्थ्यो भन्ने कुराहरु राख्न चाहान्छु र एउटा जटिल समस्या यो कैलालीको हकमा जुन जटिल समस्या छ यो ५१ सालको जुन सरकार हुदा खेरि यो हाम्रो सुकुम्बासि समस्या थियो त्यतिखेरा चाहि पूर्जाहरु हाम्रो त्यतिखेराको सरकारले दिएको पूर्जाहरु छ र त्यो पूर्जाहरुमा एउटाको जग्गा एउटा को पूर्जा अर्कोको नाममा र अर्कोको जग्गा अर्कोको पूर्जा अर्काको नाममा छ त्यो पनि यस नीति कार्यक्रममा आई दिएर त्यो समस्याहरुलाई पनि हल गरिदिए देखि धेरै मान्छेहरु लाभाम्वीत हुनेथिए किन कि उहाहरु धेरै पिडित हुनुहुन्छ धेरै कुराहरु हामीलाई सुनाई राखेको हुदा मैले यो चाहि नीति तथा कार्यक्रममा समावेश होस भन्ने कुराहरु राख्दै अन्तमा यो नीति तथा कार्यक्रम जुन सरकारले लेराउनु भएको छ त्यो नीति तथा कार्यक्रममा सम्पूर्ण कुराहरु एकदम राम्रो छ त्यसको कुनै पनि कमेन्ट गर्ने ठाउँ मैले भेटेको छैन र त्यहि नीति कार्यक्रमलाई पनि बजेटमा त्यसैगरि सरसरी रुमा आवस भन्ने कुरा राख्दै म यो सरकारलाई फेरी पनि धेरै धेरै धन्यवाद दिदै म यसको समर्थन गर्दै मेरो भनाई यहि अन्त गर्दछु धन्यवाद ।

**माननीय बल बहादुर सोडारी :-** माननीय सभामुख महोदय, आज २०७६ साल जेष्ठ २१ गते अस्थि २०७६ साल जेष्ठ १९ गते माननीय प्रदेश प्रमुखज्यूले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम आजका दिन हाम्रो माननीय प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूबाट टेबुल भएको यस नीति तथा कार्यक्रममा छलफलका क्रममा हाम्रा आफ्ना रायहरु प्रकट गर्ने सवालमा र सुझाव दिने सवालमा हाम्रा धेरै माननीयज्यूहरुले बोली सक्नु भएको छ र उहाहरुका राम्रा कुराको म समर्थन गर्दै म यो नीति तथा कार्यक्रमको स्वागत गर्न चाहान्छु । किन स्वागत गर्न चाहान्छु भन्दा हाम्रो यो २६ पेजको बुकले र २११ पेजको बुदाका २११ बुदामा उल्लेखित कुरालाई सरसरती हेर्दा हामीले बुदा नं.३ मा नै प्रदेश कृषि, जलस्रोत, पर्यटन, जडिबुटि र उद्योग लगायत समस्त क्षेत्रमा रहेको सम्भावनालाई उचित व्यवस्थापन र परिचालन गरेर यो प्रदेशलाई समृद्ध बनाउने परिकल्पना र संकल्प हाम्रो प्रदेशले यो नीति तथा कार्यक्रममा गरेको पाउँदा म यसको स्वागत गर्न चाहान्छु । र म यसमा धेरै टाईम लिएर बोल्ने पक्षमा छैन । यो बुदा नं.२४ मा सबै बुदाहरुलाई समर्थन गर्दै बुदा नं.२४ र बुदा नं.८७ मा हाम्रो सेती महाकाली अंचल अस्पताल लगायत सेती अस्पताल भवन सम्भार निर्माण कार्य संचालन रहनको साथै सबै जिल्ला अस्पतालहरुलाई आधारभुत औषधि तथा अत्यावश्यक उपकरणका सम्बन्धमा विपद् जोखिम र दुर्घटनामा परेका नागरिकहरुलाई जीवन जोखिममा परेका दुर्गम क्षेत्रका गर्भगति महिला हवाई उद्धार गरि स्वास्थ्य सेवामा पहुच पुर्‍याईने छ भन्ने जो उल्लेख गरिएको छ । यो बुदाहरुमा बोल्दा मलाई अछाम जिल्लाको बयलपाटामा संचालन भैरहेको विदेशी संस्था सरकारको र गैरसरकारी संस्थाहरुबाट संचालन भएको बयलपाटा हस्पिटललाई पनि यसै साथ जोडेर प्रदेश सरकारले पनि केहि सम्बोधन गरे राम्रै हुन्थ्यो जस्तो मलाई लागेको छ । किन भने हाम्रा अछाम जिल्ला र बाजुराका धेरै जसा विमारीहरुको उपचार त्यो अस्पतालले गरिरहेको छ र नमुना कै रुपमा अछाम जिल्लामा त्यो अस्पताल संचालन भैरहेको अवस्थामा प्रदेशलाई सुझाव दिन चाहान्छु र यसै बुदामा के लेखिएको छ त भन्दा खेरि विपद् जोखिम र दुर्घटनामा परेका नागरिकहरुलाई भन्ने जो शब्द लेखिएको छ । यसबाट मलाई अस्थि १२ गते मैले यो सदनमा ढ्याप ढ्यापेमा बोलेको कुराहरु सम्झना आयो विपद् जोखिमका सवालमा हाम्रो अछाम जिल्लाको बलाता ढकारी गाउँपालिका वडा नं.४ बलातामा आगलागी हुदा भक्त बहादुर बुढा वडा अध्यक्ष लगायत भिम बहादुर बुढा, ईन्द्र बुढा र शेर बहादुर बुढा लगायतका ७ वटा घर जलेर एक करोड एकहत्तर लाख आठ हजार पाच सय बराबरको धनमाल, खाद्यान्न समेत क्षति भएका कुराहरुको १४ गतेको बैठकको संक्षिप्त विवरणमा आएन यस अर्थ यो ढ्याप ढ्यापे भनेको त अनर्थ बकवास रहेछ यो संक्षिप्त विवरणमा पनि आउदैन र

हामीले कुन ठाउँमा रेकर्ड हुर्ने भोलीका दिनहरुमा र यि कुराहरु पनि समेटिनु पर्छ र अहिले हाम्रो माननीय रतन बहादुर थापाले राहातहरु अनदस्पोट हुनुपर्छ भन्नु भा थियो त्यसै किसिमले यि अछाम जिल्लामा मात्र नभएर पहाडि जिल्लाहरुमा धेरै ठाउमा यो पालि गहुँको बीउ समेत राख्न पाएका छैनन असिनाले क्षति पुऱ्याएको अवस्थामा अहिलेको अवस्थामा घर जलेर नष्ट भएर खाद्यान्न समेत ओड्ने, ओछ्याउने लुगा समेत नरहेको अवस्थामा यो सरकारले सहयोग गरेको खण्डमा अवश्य पनि यो सरकार प्रति ति जनताहरु आभारी हुनेछन् पुनः म यस नीति र कार्यक्रमको स्वागत गर्दै यो आफ्ना भनाईहरु यो पाच मिनेट भन्दा पनि कम समयमा टुङ्ग्याउदै विदा हुन्छु धन्यवाद ।

***(बोलीसकेपछि)***

**१०. माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ । बाँकी छलफल मिति २०७६ साल जेष्ठ २२ गते बुधबार दिनको २:०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।